का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ असोज २०८१,
बिहीबार
3 October,  2024
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २३३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अचाक्ली महँगी

*तरकारी, फलफूल, खाद्यान्नलगायतको मूल्य तीन गुणासम्म बढ्दासमेत सरकारले प्रभावकारीरुपमा नियन्त्रण गर्न नसकेको भनेर आलोचना भइराखेको छ ।*



*छोइ नसक्नु भाउ छ । बजार कन्ट्रोल कसले गर्ने ? सबै प्रकारका वस्तुको भाउ बढ्ने । कतै नियन्त्रण हुन नसक्ने । सरकार कहाँ छ ? सरकार कतै छ जस्तो लाग्दैन ।*

**प्रकाश अधिकारी**
सांसद, जनता समाजवादी पार्टी नेपाल



*खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजार अनुगमन शुरु गरेको छ । उपभोक्ताले म्याद नाघेका, असुरक्षित खाद्य वस्तु खान नपरोस् भनेर बजारमा रहेका खाद्य वस्तुको परीक्षणसमेत शुरु गरिएको छ ।*

**रामनाथ अधिकारी**
कृषि तथा पशुपन्छी विकासमन्त्री




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असोज ।

महँगी अत्याधिक बढेको नागरिकहरूले सरकारी निगरानी र अनुगमन माग गर्न थालेका छन् । राजनीतिक दलहरूले पनि सरकारको ध्यानाकर्षण गरिरहेका छन् ।

यही असोज ११ गते नेकपा (एमाले)ले आफैं नेतृत्वको सरकारलाई महँगी नियन्त्रण गर्न ध्यानाकर्षण गराएको थियो । एमालेको केन्द्रीय विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागका प्रमुख खिमलाल भट्टराई नेतृत्वको टोलीले उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई भेटेर ध्यानाकर्षण गराएको हो ।

नेपाली कांग्रेस कोशी प्रदेशले मुलुकमा बढ्दो महँगी, कालाबजारी र भ्रष्टाचार तत्काल नियन्त्रण गर्न माग गर्दै सरकारको ध्यानाकर्षण गरेको छ ।

विराटनगरस्थित प्रदेश समितिको कार्यालयमा बुधबार पत्रकार सम्मेलन गरेर कोशी प्रदेशका प्रबक्ता यदु विष्टले सरोकारवाला निकायले चाडपर्वको पूर्वसन्ध्यामा बढ्दो कालाबजारी, महँगी र भ्रष्टाचार तत्काल नियन्त्रण गर्न माग गरेका हुन् ।

बुधबार प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पनि महँगीको विषय चर्को रुपमा उठेको थियो ।

हालैको बाढीपहिरो र डुबानको क्षेतिको विषयमा छलफल गर्न बैठक राखिएको बैठकमा गृहमन्त्री रमेश लेखक र रक्षामन्त्री मानबिर राइ पनि उपस्थित थिए । अधिकांश सांसदले विपद्को विषयसँगै महँगीको विषय उठाए । तर, मन्त्रीद्धय महँगीको विषयमा मौन रहे ।

सांसदहरूले तरकारी, फलफुल, खाद्यान्नको भाउ तीन गुणासम्म बढ्दा समेत »› पृष्ठ २ मा

## दशैं शुरु
# आज घटस्थापना



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असोज ।

नेपालीहरुको महान पर्व बडादशैं आजबाट शुरु भएको छ। आज पहिलो दिन घटस्थापना हो । प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म हर्षोल्लासका साथ बडादशैं मनाइन्छ । बडादशैंको पहिलो दिन आज घर-घरमा वैदिक विधिपूर्वक दियो, कलश र गणेश स्थापना गरी घटस्थापना गरिन्छ।

नेपाल पञ्चाङ्ग विकास समिति अनुसार आज बिहान ९ बजेर १६ मिनेटमा घटस्थापना गर्ने उत्तम साइत रहेको छ ।

बडा दसैंको अर्को महत्वपूर्ण दिन फूलपाती असोज २४ गते परेको छ । गोरखा दरबार बाट ल्याइने फूलपाती हनुमान ढोका भित्राउने शुभ साइत भने बिहानको ७ बजेर ११ मिनेटमा रहेको छ । फूलपाती पछि असोज २५ को दिन महा अष्टमी परेको छ । यसवर्ष कालरात्रि र महानवमी एकै दिन अर्थात् असोज २५ गते नै परेको छ ।

मान्यजनबाट टिका-जमरा ग्रहण गर्ने दिन वा विजया दशमी असोज २६ गते रहेको छ । त्यस दिन बिहान ८ बजेर ३३ मिनेटमा देवी विसर्जनको साइत रहेको छ। देवी विसर्जन पश्चात् टीका-जमरा ग्रहण गर्ने उत्तम साइत बिहानको ११ बजेर ३६ मिनेटमा रहेको छ ।

टीका थाप्दा, टीका थाप्ने व्यक्ति पूर्व फर्किएर मान्यजन बाट टिका लगाउने गरिन्छ । सामान्यतया दशैमा देवीको प्रसाद (टिका जमरा) लगाउन साइतको आवश्यकता नपर्ने मान्यता पनि रहेको छ। असोज ३० गते दसैंको अन्तिम दिन (कोजाग्रत पूर्णिमा) हो र त्यसदिनदेखि दसैं सकिनेछ।

# बजारमा बढेन चहलपहल

*चाडबाडको समयमा उपभोक्ताको खचाखच हुने काठमाडौं उपत्यकाका असन, न्यूरोड, महाबौद्ध, भोटाहिटी, खिचापोखरी लगायतका मुख्य व्यापारिक क्षेत्रमा विगतका वर्षहरूमा जस्तो रौनक यसवर्ष देखिँदैन ।*



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १६ असोज ।

काठमाडौं उपत्यकाका असन, न्यूरोड, महाबौद्ध, भोटाहिटी, खिचापोखरीलगायतका मुख्य व्यापारिक क्षेत्रले दशैं आइसक्दा पनि दशैंको अनुभूति गर्न सकेका छैनन् । चाडबाडको समयमा उपभोक्ताको खचाखच हुने यी स्थानमा अहिले पहिले जस्तो छैन । दशैं, तिहार, छठजस्ता पर्व नजिकिँदै गर्दा न्यूरोडका सडकमा त्यसको रौनक छैन ।

कोभिड महामारीपछि थलिएको बजारले केही गति लिन लागेकै बेला देशमा छाएको आर्थिक मन्दीको प्रत्यक्ष मारमा व्यवसायीहरु परेका छन् । दशैं शुरु हुनुभन्दा एक महिना अगाडिदेखि चहलपहल हुने बजारमा अहिले दशैं शुरु भइसक्दा पनि ग्राहकहरुके उल्लेखनीय चहलपहल हुन सकेको देखिँदैन । विगतका वर्षहरुमा जस्तो यो वर्ष उत्साह नदेखिएको व्यापारीहरु बताएका छन् ।

विगतको तुलनामा किनमेल गर्ने ग्राहक २५ प्रतिशत पनि नआएको व्यवसायीको गुनासो छ । कोभिड-१९ महामारी पछि पनि डेंगु, आर्थिक मन्दी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिले बजारलाई प्रभाव पारेको उनीहरुको भनाइ छ । भन्सार दरदेखि स्थानीय कर, घरभाडा, ढुवानीसमेत बढेको हुँदा बजार मूल्य पनि बढेको छ । विगतका वर्षहरू भन्दा यो वर्ष सामानको मूल्यमा वृद्धि भएको देखिन्छ जसले गर्दा ग्राहकमा सामान किन्ने उत्साह देखिएको छैन । बजार सुस्त देखिएपछि व्यापारीहरूमा एक प्रकारको निराशा देखिन्छ। महँगो घर, सटर भाडा त्यसमाथि बजारको शिथिलताले व्यवसाय चलाउँनै अप्ठेरो परेको उनीहरू बताउँछन् ।

न्यूरोड क्षेत्रमा २६ वर्षदेखि व्यवसाय गर्दै आएका धर्मेन्द्रराज साहले अहिले बजारको अवस्थाले व्यापारीहरुलाई चिन्तित बनाएको बताए। व्यापार हुने मुख्य समयमा देशभर आएको अविरल वर्षा पछिको बाढी, पहिरो र डुबानले व्यवसायलाई अझ धरापमा पारेको उनको बुझाइ छ। व्यापार व्यवसाय प्रति सरकारको उदाशीनताले अहिले कतिपय व्यवसायीहरु पेशा नै परिवर्तन गर्ने र देश छोडेर बैदेशिक रोजगारका लागि विदेश जानेक्रम बढेकाले ध्यान दिन जरुरी रहेको उनले बताए ।

केहीदिन अघिको बाढी पहिरो र डुबानले देशैभरी लगभग १७ अर्ब बराबरको क्षति भएको सरकारले बताएको छ । काठमाडौं उपत्यकाको तीन ओटै जिल्लालगायत देश नै प्रकोपको चपेटामा परेकोले पनि दशैं लक्षित सामग्री किन्नेतर्फ मानिसको ध्यान केन्द्रित नभएको »› पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारमा इजरायल र लेबनानमा रहेका नेपाली त्रसित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असोज

इरान-इजरायल र लेबनानबीचको त्रिपक्षीय लडाइँका कारण वैदेशिक रोजगारमा इजरायल र लेबनानमा रहेका नेपाली त्रसित बनेका छन् । नेपाल सरकारले लेबनानमा रहेका नेपालीलाई अधिकतम सतर्कता अपनाउन आग्रह गरेको छ ।

इजरायलसँगको युद्ध चर्किरहेका बेला बुधबार परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरी लेबनानमा रहेका नेपालीलाई अधिकतम सतर्कता अपनाउन आग्रह गरेको हो । मन्त्रालयका अनुसार हालसम्म लेबनानमा सबै नेपाली सुरक्षित छन्। नेपाली दूतावास कायरो, अवैतनिक नेपाली वाणिज्यदूतावास बेरुत र परराष्ट्र मन्त्रालयका कर्मचारीहरुको नाम, सम्पर्क नम्बर र इमेल ठेगाना सार्वजनिक गरी समस्या परेमा तत्काल सम्पर्कमा आउन अनुरोध गरिएको छ ।

मन्त्रालयले कायरोमा दीपक घिमिरेलाई २०१०७७७२३४८ नम्बरमा ह्वाट्सएपमार्फत, बेरुतमा मोहम्मद गोजायललाई ९६१३३०११८१, ९६१७१६८८८२१ र ९६१८१८८३७१३ नम्बरमा र परराष्ट्र मन्त्रालयका शाखा अधिकृत श्रीकृष्ण सिलवाललाई ९८४९१७९५२० नम्बरमा सम्पर्क गर्न सकिने जनाएको छ ।

इजरायलमामा इरानले मंगलबार साँझ आक्रमण गरेको हो। दुई सातादेखि हिजबुल्लाहमाथिको आक्रमणलाई तीव्रता दिइ हिजबुल्लाह र हमासको वरिष्ठ राजनीतिक र सैन्य अधिकारीहरु मारिएपछि इरानले »› पृष्ठ २ मा

## विदेश पठाउने भन्दै लाखौं ठग्ने तीन पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी ग्रिस, दुबईलगायत देशमा पठाइदिने भन्दै लाखौं रकम ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा भक्तपुर नगरपालिका-९ गच्छे टोल घर भइ काठमाडौंको टोखा नगरपालिका-७ बस्ने ३४ वर्षीय सुदनराज अमात्य, नुवाकोट तादी गाउँपालिका-३ घर भई काठमाडौं टोखा नगरपालिका- »› पृष्ठ २ मा

## वडाध्यक्ष नै वैदेशिक रोजगारमा हङकङबाट पठाए राजीनामा

**फुङ्लिङ/रासस–** विगत ११ महिनादेखि वैदेशिक रोजगारमा हङकङ गएका ताप्लेजुङ सिरिजङ्घा गाउँपालिका-३ का वडाध्यक्ष दिलप्रसाद बोखिमले पदबाट राजीनामा दिएका छन् । वडाध्यक्ष बोखिमले गाउँपालिकाको अध्यक्षमार्फत ताप्लेजुङ »› पृष्ठ २ मा

# सर्वोच्चको नेतृत्वमा राउत

*सिभिल, फौजदारी र संवैधानिक फाँटमा पोख्त मानिने प्रकाशमानसिंह राउतको प्रधानन्यायाधीशको रूपमा कार्यकाल लामो छैन । उनी करिब १८ महिना प्रधानन्यायाधीशको रूपमा रहने छन् । २०८२ चैत १८ गते उमेरहदका कारण अनिवार्य अवकाशमा जानेछन् ।*

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ असोज ।

प्रधानन्यायाधीशमा प्रकाशमानसिंह राउत सर्वसम्मत रुपमा अनुमोदित भएका छन्। सिंहदबारमा बसेको सुनुवाइ समितिको बैठकले प्रधानन्यायाधीशमा राउतको नाम अनुमोदन गर्ने निर्णय गरेको हो । यो सँगै राउत न्यायलयको नेतृत्वमा पुगेका छन् ।

गत भदौ ३१ गते संवैधानिक परिषदबाट प्रधानन्यायाधीश सिफारिस भएका थिए । अनुमोदनको निर्णय गर्नु अघि राउतको साढे दुई घण्टासम्म संसदीय सुनुवाइ चलेको थियो ।

सुनुवाइका क्रममा राउतले २४ बुँदे कार्ययोजना प्रस्तुत गरेका थिए । सर्वोच्च अदालतका वर्तमान प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको यही असोज १९ गते



पदावधि सकिँदैछ ।

न्यायपरिषद्ले रिक्त प्रधानन्यायाधीश पदमा वरिष्ठतम् न्यायाधीशमध्येबाट राउतको नाम सिफारिस गरेर संवैधानिक परिषदमा पठाएको थियो। प्रधानन्यायाधीशमा राउतको नाम संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएसँगै राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । यो सँगै राउत सर्वोच्च अदालतको ३२ औं प्रधानन्यायाधीश हुनेछन् ।

२०१७ चैत १८ गते उदयपुरमा जन्मेका राउत उच्च शिक्षाका लागि काठमाडौं आएका थिए। एसएलसी पास गरेर काठमाडौं छिरेका राउतलाई तत्कालीन समयमा कानुन र राजनीतिले एकै पटक समायो । उनी राजनीतिमा जोडिए पनि धेरैजसो कानुनमै केन्द्रित भए ।

राउतले सुनुवाइ समितिमा प्रस्तुत गरेको विवरण अनुसार उनले २०३९ सालदेखि अनवरत ३३ वर्ष सर्वोच्च अदालतमा वकालत गरे । »› पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१७ असोज २०८१, बिहीबार
3 October 2024, Thursday

# बाढी–पहिरो तथा डुबान प्रभावित क्षेत्रमा 'एक्सन टिम' परिचालन

काठमाडौं/मस-गृह मन्त्रालयले वर्षाका कारण प्रभावित आठ जिल्लामा खोज तथा उद्धार र राहत उपलब्ध गराउन थप समन्वय र सहजीकरण गर्न गठन गरेको कार्यदलका संयोजक बुधबार बिहानदेखि कार्यक्षेत्रमा खटिएका छन् ।

गृहसचिव गोकर्णमणि दुवाडीले आवश्यक कार्यदेशसहित प्रभावित जिल्लामा आठ जना सहसचिव खटिएको जानकारी दिए । बाढीपहिरो प्रभावित काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक र धादिङ जिल्लामा खटाइएको हो ।




गृह मन्त्रालयका अनुसार गोविन्दप्रसाद रिजाल (काठमाडौं), प्रकाश पौडेल (ललितपुर), नारायणप्रसाद अर्याल (भक्तपुर), वासुदेव घिमिरे (काभ्रेपालञ्चोक), लालबाबु कवारी (सिन्धुली), रामबन्धु सुवेदी (मकवानपुर), श्याम कृष्ण थापा (सिन्धुपाल्चोक) र रमेश ढकाल (धादिङ)मा खटाइएको छ । कार्यदललाई वर्षाका कारण उत्पन्न बाढीपहिरोबाट प्रभावितको तत्काल उद्धार तथा राहत कार्यमा समन्वय र सहजीकरण गर्ने, अति भारी वर्षका कारण आएको बाढीपहिरोबाट भएको मानवीय र भौतिक क्षतिको संक्षिप्त विवरण तयार गरी तत्काल गर्नुपर्ने कार्यका सम्बन्धमा सुझाव दिने, क्षतिग्रस्त सडकको शीघ्र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन सडक निर्माण गर्ने सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने र विपद् पीडित नागरिकको सुरक्षित बसोबास तथा राहत उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने कार्यदेश दिइएको जनाइएको छ ।

कार्यदलमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका डिभिजन इञ्जिनीयर र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव प्रतिनिधि रहने छन् । कार्यदललाई यही असोज २१ गतेसम्म गृहमन्त्रालयमा प्रतिवेदन पेस गर्न समयावधि दिइएको छ ।

साथै कार्यदलले दैनिक रुपमा पनि प्रभावित ठाउँबाट जिल्लाको विपद्को वस्तुस्थितिका बारेमा केन्द्रमा जानकारी समेत गराउने छ । त्यसैगरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि दशजना शाखा अधिकृत प्रभावित जिल्लामा खटाएको छ । प्राधिकरणका सहसचिव वसन्त अधिकारीले 'एक्सन टिम' तयार गरी आज नै प्रभावित पालिकामा खटाइएको जानकारी दिए । 'हामीले दश जना अधिकतलाई बाढीपहिरो र डुबान प्रभावित जिल्लामा खटाएका छौं ।' उनले भने,'उहाँहरुले प्रभावित पालिकासित समन्वय र सर्म्पक गरेर नगद र वस्तु राहत वितरणमा सहजीकरण र फिल्डको अवस्थाका बारेमा केन्द्रमा जानकारी गराउने लगायतका काम गर्नेछ ।'

# उद्योगमन्त्री भण्डारीसँग विश्व व्यापार संगठन सचिवालयका प्रतिनिधिको भेट



**काठमाडौं/मस–** विश्व व्यापार संगठनमा आगामी वर्ष गरिने नेपालको तेस्रो व्यापार नीति समीक्षाको सन्दर्भमा विश्व व्यापार संगठन सचिवालयका प्रतिनिधि मासाहिरो हायाफुजी र ठाकुर पराजुलीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीसँग भेट गरेका छन् ।

सिंहदरबारमा भएको भेटका क्रममा विश्व व्यापार संगठनका प्रतिनिधी हायाफुजीले सन् २०१८ मा सम्पन्न नेपालको व्यापार नीतिको दोस्रो समीक्षा पश्चात हालसम्म व्यापार तथा व्यापार सम्वद्ध नीति, कानून तथा समग्र प्रयासहरुको प्रारम्भिक जानकारी संकलन गरी समीक्षालाई वस्तुपरक बनाउन विभिन्न निकायसँग समन्वय गरिरहेको विषय जानकारी गराए । यो समीक्षाको प्रारम्भिक बैठकबाट नेपालको व्यापार सम्बद्ध नीति तथा कानूनहरुको पुनरावलोकन गरिनेछ । विश्व व्यापार संगठन स्थापना गर्ने माराकेश सम्झौताको अनुसूची ३ बमोजिम हरेक सदस्य राष्ट्रहरुको व्यापार नीतिको समीक्षा हुने गर्दछ । नेपालले हालसम्म सन् २०१२ मा पहिलो समीक्षा र सन् २०१८ मा दोस्रो समीक्षा सम्पन्न गरिसकेको छ ।

समीक्षाको क्रममा विभिन्न चरणका बैठकहरुमार्फत सूचना संकलन गरी सन् २०२५ मा विश्व व्यापार संगठनको सचिवालयले 'सचिवालयको प्रतिवेदन' तथा नेपाल सरकारको तर्फबाट समेत 'सरकारको प्रतिवेदन' समेत तयार गरी विश्व व्यापार संगठनको 'व्यापार नीति समीक्षा निकाय' टिपीआरबीमा प्रस्तुत गरिनेछ ।

भेटमा मन्त्री भण्डारीले नेपालले नीतिगत, कानूनी तथा रणनीतिक उपायहरु अवलम्बन गरी विश्व व्यापार संगठन मार्फत नेपालको व्यापार तथा लगानी प्रवर्द्धनमा हातेमालो गर्न अग्रसर रहेको बताए । साथै, सरकारले हालसालै व्यापार तथा लगानीको वातावरणलाई सहज, सरल र पारदर्शी बनाउन निजी क्षेत्रमैत्री कानून निर्माण र कार्यान्वयनमा जोडदिएको बताए ।

नेपाल सन् २०२६ मा विकासशिल राष्ट्रमा स्तरोन्नति भएपश्चात नेपालको निर्यात व्यापारलाई अभिवृद्धि गर्न आइपर्ने चुनौतीहरुको सामना गर्न समयमै पूर्वतयारी गर्न मन्त्रालय लागि रहेको र यसमा विश्व व्यापार संगठनको सहयोग रहने विश्वास व्यक्त गरे ।

# चन्दननाथ नगरपालिकामा विपद्मा खटिने स्वयंसेवक ब्यूरो गठन

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १६ असोज

चन्दननाथ नगरपालिकाले विपद्मा खटिने स्वयंसेवक ब्यूरो गठन गरेको छ । नगरपालिका क्षेत्र भूकम्प, पहिरो, आगलागी, चट्याङ, बाढी, पहिरो लगायतका विपद्ले वर्षेनी ठूलो जनधनको क्षतिलाई न्यूनीकरण गर्नका लागि स्वयंसेवक गठन गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्लाको शहरी पूर्वतयारी, तथा आपतकालिन प्रतिकार्य प्रवर्द्धन परियोजनाले नगरको विपद् व्यवस्थापनमा चाहिने दक्ष जनशक्तिको रुपमा स्वयंसेवक गठन गरिएको नेपाल रेडक्रस जुम्लाका जिल्ला परियोजना अधिकृत ईश्वरा सुवेदीले बताइन् ।

उनले भनिन्,'स्थानीय सरकारलाई पर्याप्त जनचेतनाका साथै वित्तीय तथा भौतिक स्रोतको कमी रहेको अवस्थामा पनि विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय स्वयंसेवकहरू भूमिका अपरिहार्य हुने छ ।' उनका अनुसार नगरपालिकाले विभिन्न विभाग विभाजन गरेर ४० जना स्वंयसेवक गठन गरेको छ ।



चन्दननाथ नगरपालिकाले गठन गरेको ब्यूरोमा प्राथमिक उपचार, स्वास्थ्य सरसफाई कार्यदल, खोज तथा उद्दार कार्यदल, क्षति आँकलन तथा आवश्यकता पहिचान कार्यदल, पूर्वसूचना प्रणाली कार्यदल, राहत व्यवस्थापन तथा पुनर्स्थापन कार्यदल र लैंगिक समानता तथा संरक्षण कार्यदल गठन गरी वडा नम्बर १ देखि १० का ४० जना यूवा युवतीहरु स्वयंसेवक रहेका छन् । कार्यदललाई क्षमता विकास तालिम दिएर नगरमा कुनै विपद् तथा सामाजिक सेवाका लागि खटाइने भएको छ । कार्यदल सञ्चालन गर्नका लागि नगरपालिकाले नगर स्वयंसेवक ब्यूरो कार्यविधि तयार भएको र सोही अनुसार काममा खटाइने भएको छ ।

यसैगरी नगरपालिकाले विपद् प्रतिकार्य योजना समेत तयार पारेको छ । नगरपालिकाले गठन गरेको स्वयंसेवक ब्यूरोको उद्देश्य र कामको विषयमा भने नेपाल रेडक्रस जुम्लाले प्राविधिक विषयमा सहयोग गरेको छ । नगर ब्यूरो स्वयंसेवक परिचालनका विषयमा तयार पारिएको कार्यविधिका विषयमा प्रस्तुतीकरण तथा ब्यूरो स्वंसेवक कार्यदललाई कार्य अधिकारका विषयमा सहजीकरण गरिएको छ ।

स्वयंसेवकले प्राथमिक उपचार, क्षतिको मूल्यांकन, क्षतिको सूचना उपलब्ध, विपतमा समस्यामा परेकालाई मनोपरामर्श सेवा समेत दिने भएको छ । स्वंसेवकले आफुले खटिएको क्षेत्रमा प्रतिबद्ध भइ सामुहिक कार्यमा लाग्नुपर्ने, स्वस्फुर्त मानवीय सहायताका लागि खटिनुपर्नेछ ।

स्वयंसेवकका मार्गदर्शक मानवता, प्रतिबद्धता, स्वामित्व,समावेशिता, ऐक्यबद्धता, निष्पक्षता, तथष्टता रहेका छन् । रेडक्रस जुम्लाले स्वयंसेवकलाई झोला र ज्याकेट समेत हस्तान्तरण गरेको छ ।स्वीस रेडक्रसको सहयोगमा चन्दननाथ नगरपालिकाको आर्थिक साझेदारीमा नेपाल रेडक्रस जुम्लाले सहरी पूर्व तयारी तथा आपतकालिन प्रतिकार्य प्रवर्द्धन परियोजना अन्तर्गत चन्दननाथ नगरपालिकामा काम शुरु गरेको बताइएको छ ।

त्यस्तै चन्दननाथ नगरपालिकाका नगरउपप्रमुख रामदेवी खड्काले नगरपालिकामा आपतकालिन हुने कुनैपनि समस्याको स्वयंसेवामा मानवीय सहयोग पुग्ने बताइन् । उनले रेडक्रस र स्थानीय सरकार मिलेर यो कामलाई प्राथमिकता आवश्यक रहेको बताइन् । नेपाल रेडक्रस सोसाइटी जुम्लाका प्रमुख सभापति लोकदर्शन श्रेष्ठले विपद् तथा उद्दारमा सबैभन्दा महत्वपूर्ण समयको ख्याल गर्न आवश्यक रहेको बताए ।

# ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य शिविरमा ८० भन्दा बढी लाभान्वित

**मुना न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ असोज

समाजसेवी कल्याणी रिजालले ज्येष्ठ नागरिकहरूले सहज जीवनयापन गर्न हरेक घरपरिवारले स्वास्थ्योपचारमा समेत विशेष ख्याल पुऱ्याउनुपर्नेमा जोड दिएकी छन् । ३४ औं अन्तर ाष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२४ को अवसरपारी जीवनरेखा समाज ललितपुर तथा भेनस अस्पताल मध्ये बानेश्वरले मंगलबार आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविर कार्यक्रममा रिजालले उक्त धारणा राखेकी हुन् ।



पुरानो बानेश्वरस्थित सायम कलेजको आयोजनामा भएको उक्त शिविरमा ज्येष्ठ नागरिकहरूलाई लक्षित गर्दै आँखा, दाँत र सामान्य स्वास्थ्य परीक्षण गरिएको थियो । शिविरमा ८० भन्दा बढी स्थानीय ज्येष्ठ नागरिक लाभान्वित भएका छन् ।

सो अवसरमा ज्येष्ठ नागरिक तथा सामाजिक क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने ८ जनालाई विशेष सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा प्रा.डा. अच्युत राजभण्डारी, ज्येष्ठ नागरिक विशेषज्ञ डा. अनन्त अर्याल, कलाकार एवं राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका निर्वतमान अध्यक्ष मदनदास श्रेष्ठ, समाजसेवी विश्व उलक, समाजसेवी मोतिशान्ति शाक्य, समाजसेवी बसन्त श्रेष्ठ, समाजसेवी सकुल बस्नेत र पत्रकार तथा जापानी सूचना केन्द्र, नेपालका संस्थापक/अध्यक्ष मदनकृष्ण सिलवाल रहेका छन् ।

कार्यक्रममा नेवाः गुठी केन्द्रीय उपाध्यक्ष सुरेश सैजु, लायन्स क्लब अफ काठमाडौं विशालबजारका अध्यक्ष दिपक सापकोटा, सेव द वर्ल्डका संस्थापक अध्यक्ष शिव श्रेष्ठको उपस्थिति रहेको थियो ।

जीवनरेखा समाज ललितपुरका अध्यक्ष समीर जोशीको सभापतित्व सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सदीक्षा कार्कीले गरेकी थिइन् । त्यस्तै, लाइफलाइन हेल्थ होमकेयरका निर्देशक प्रज्ञाराज शाक्यद्वारा स्वागत मन्तव्य राखेका थिए ।

ज्येष्ठ नागरिक र स्वास्थ्यका सन्दर्भमा सम्मानित व्यक्तित्व प्रा.डा. अच्युत राजभण्डारी, डा. अनन्तराज अर्याल, विश्व उलक, मोतिशान्ति शाक्य, भेनस अस्पतालका प्रबन्ध निर्देशक मनिषा ढकालले आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

## अचाक्ली...

सरकारले प्रभावकारी रुपमा नियन्त्रण गर्न नसकेको भनेर नागरिकले आलोचना गरिराखेको स्मरण गराए ।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले विपद्का बेला खाद्यान्न, फलफुल र तरकारीको मुल्य अकासिएको भनेर प्रश्न गरे । विपद्का बेला मौका ठानेर व्यावसायीले कमाउन खोज्दा सरकार नदेखिएको बताए ।

एमालेकै सांसद रघुजी पन्तले चाडपर्वको समय 'कमाउने बेला नभएको' बताए ।

जनता समाजवादी पार्टी नेपालका सांसद प्रकाश अधिकारीले बजार अनुगमनको विषय उठाए । 'छोइ नसक्नु भाउ छ । बजार कन्ट्रोल कसले गर्ने ?' उनले प्रश्न गरे, 'सबै प्रकारका वस्तुको भाउ बढ्ने । कतै नियन्त्रण हुन नसक्ने । सरकार कहाँ छ ? सरकार कतै छ जस्तो लाग्दैन ।'कांग्रेसका महामन्त्री गगन थापाले बजारमा एक रुपैयाँ पनि कालोबजारी छ भन्ने जनताले महसुस गर्न नसक्ने गरी काम गर्न सुझाए । यसका लागि सरकारले आफ्नो संयन्त्र प्रयोग गर्नुपर्ने सुझाए ।

छलफलपछि राज्यव्यवस्था तथा सुशासन समितिले सरकारलाई महंगी नियन्त्रण गर्न सरकारलाई निर्देशन दिएको छ ।

तर, सरकार दसैं, तिहार र छठजस्ता चाडपर्वलाई लक्षित गरेर घुम्ती खाद्य प्रयोगशालासहित बजार अनुगमन शुरु गरिसकेको बताउँछ ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीका अनुसार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले दुईवटा मोबाइल भ्यानसहित काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्र बजार अनुगमन शुरु गरेको छ ।

उनका अनुसार उपभोक्ताले म्याद नाँघेका, असुरक्षित खाद्य वस्तु खान नपरोस् भनेर बजारमा रहेका खाद्य वस्तुको परीक्षण समेत शुरु गरिएको छ ।

## बजारमा...

अनुमान गरिएको छ । छाक टार्ने समस्या परिरहेको अवस्थामा दशैंमा रौनक नभएको देखिन्छ ।

कोभिड महामारीपछि थलिएको व्यवसाय झन्झन् कमजोर हुँदै गरेको व्यापारी रमेश धितालको अनुभव छ । न्यूरोडमा होलसेल व्यवसाय थालेको १० वर्षमा अहिले जत्तिको बजारको अस्वथा कमजोर भएको कहिल्यै नदेखेको उनले बताए । होलसेलको सामान उधारोमा जान्छ, रिटेल व्यवसायीले व्यापार भएपछि उधारो चुक्ता गर्ने हुन्, रिटेलमा व्यापार नहुँदा बजारमा सामान थुप्रिएको छ, हातमा पैसा छैन', उनले भने, 'लगानी नै डुब्ने खतरा छ, बैंक, वित्तीय संस्थाले अहिले ऋण लगानीमा कडाई गरेका छन्, बजारको पैसा उठ्दैन, चल्नै गाह्रो हुने अवस्था आइसक्यो ।'

दशैं शुरु हुनुभन्दा एक महिना अगाडिदेखि बजारमा चहलपहल, घटस्थापनाका दिनदेखि फूलपातीको दिनसम्म पिक समय मानिने भएपनि अहिलेको दशैंमा त्यो हुने देखिँदैन । दशैंमा बजार चलायमान भएर लगानी उठ्ने सम्भावना नदेखेपछि व्यवसायीहरु चिन्तित भएका छन् ।

## वैदेशिक...

इजरायलमा आक्रमण गरेको हो । प्यालेस्टाइन र इजरायलको निरन्तरको लडाइँ भन्दा इरानको आक्रमण डरलाग्दो रहेको इजरायलमा कार्यरत नेपालीहरूले बताएका छन् ।

## विदेशमा

९ नयाँ बसपार्क बस्ने २८ वर्षीया अन्जना चौलागाईं र गुल्मी मालिका गाउँपालिका-६ घर भइ ललितपुर महानगरपालिका-२ गोदावरी बस्ने ३५ वर्षीया विन्दु केसी रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

पक्राउ परेकामध्ये सुदनले एक जना पीडितबाट रु पाँच लाख, अन्जनाले एकजना पीडितबाट रु दुई लाख ९० हजार र विन्दुले एकजना पीडितबाट एक लाख पाँच हजार लिइ सम्पर्कविहीन भएका थिए । सुदनलाई पुतलीसडकबाट, अन्जनालाई नयाँ बसपार्कबाट र विन्दुलाई ललितपुरको गोदावरीबाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । पक्राउ परेकाहरुलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको सूचना अधिकारी आचार्यले बताए ।

## वडाध्यक्ष...

जिल्ला निर्वाचन कार्यालयलाई सम्बोधन गर्दै यही असोज १८ गतेदेखि लागू हुनेगरी राजीनामा दिएका हुन् ।

विसं २०८० कात्तिक २४ गतेदेखि वडामा अनुपस्थित उनले जनताको सेवा गर्न नसकेकामा दुःख व्यक्त गर्दै आफ्नो जिम्मेवारी कार्यवाहक वडाध्यक्षलाई सुम्पिएको राजीनामामा उल्लेख गरेको जिल्ला निर्वाचन आयोगले जनाएको छ । हालै स्थानीयले वडाध्यक्ष बोखिमको अनुपस्थितिका कारण विकास र प्रशासनिक काममा बाधा उत्पन्न भएको भन्दै निजमाथि कारबाहीको माग गर्दै गाउँपालिका अध्यक्ष लालकृष्ण चौहानलाई ज्ञापनपत्र बुझाएका थिए ।

## सर्वोच्चका...

राउतले सर्वोच्च अदालतमा २०७२ सम्म जमेर वकालत गरे ।

राउत २०७३ साउन १७ गते सर्वोच्च अदालतको स्थायी न्यायाधीश सिफारिस भए । सर्वोच्च अदालतको स्थायी न्यायाधीश भएको ८ वर्षपछि उनी न्यायालयको सर्वोच्च पद प्रधान न्यायाधीशको जिम्मेवारीमा पुगेका हुन् । नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक गरेका राउत सिभिल, फौजदारी र संवैधानिक फाँटमा पोख्त मानिन्छन् । प्रधानन्यायाधीशको रूपमा राउतको कार्यकाल लामो छैन । उनी करिब १८ महिना प्रधानन्यायाधीशको रूपमा रहने छन् । २०८२ चैत १८ गते उमेरहदका कारण अनिवार्य अवकाशमा जानेछन् ।

राउतले सुनुवाइ समितिमा आफूले प्रधानन्यायाधीश भएपछि सुशासन विपरीतका गतिविधिहरूको नियन्त्रणका लागि विशेष संयन्त्र परिचालन गर्ने योजना सुनाएका छन् । न्यायिक अनुगमन, निगरानी र जाँचबुझ कार्यलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाउन विशेष संयन्त्र परिचालन गर्ने बताएका छन् । संयन्त्रको विषय भने यसअघि पनि सुनुवाइमा उपस्थित हुने प्रस्तावित प्रधानन्यायाधीशहरूले गर्ने गरेका थिए । तर कार्यान्वयन भने हुने गरेको थिएन ।

राउतको लिखित कार्ययोजनामा अनलाइनमार्फत अनियमितता र गुनासो उपरको उजुरी सुन्न सकिने प्रणाली विकास गर्ने उल्लेख छ । न्यायपालिकामा न्यायिक सदाचारको प्रबर्द्धनका लागि सूचकको तोकेर मूल्यांकनको प्रणाली विकास गर्ने, न्यायपालिकामा सुशासनको प्रबर्द्धन सम्बन्धी नीतिगत विषयहरूमा निर्देशन गर्ने समावेश छ ।

# नगरप्रमुख सिंहको पहलमा बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ असोज

बाराको पचरौता नगरपालिकाका मेयर जलन्धर सिंहको पहलमा रौतहटको बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

राजदेवी नपा वडा नं ८ लक्ष्मीपुर र दुर्गा भगवती गाउँपालिकाको वडा नं.५ बडहर्वा टोलमा अनुगमन गरी खाना र स्वास्थ्य शिविर सञ्चालन गरिएको हो ।



आपनो पालिकाको जनशक्ति लगायत एमबीबीएस चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली, बाढीपहिरो उद्धारका लागि प्रशिक्षण लिएका नगर प्रहरीको टोली, बाढीबाट प्रभावित सडक मर्मत र भत्किएको ठाउँलाई मर्मत गरी डाइभर्सन बनाउनको लागि जेसीबी लगायत टिपर, ट्याक्कर, पिकप लगायतको सामग्रीसहितको टोली २ दिनदेखि तीन पालिकाहरुमा खटिइएको छ ।

# अर्घाखाँचीका सरकारी कार्यालयको छड्के अनुगमन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ असोज



जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीले सन्धिखर्कमा रहेका सरकारी कार्यालयहरुको बुधबार छड्के अनुगमन गरेको छ । अनुगमन गर्दा कार्यालयमा कर्मचारीहरु अनुपस्थित हुनुको साथै कर्मचारीले पालना गर्नुपर्ने नीति नियम पालना नगरेको पाइएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले जानकारी दिए ।

सन्धिखर्कमा रहेका अधिकांश सरकारी कार्यालयमा कर्मचारीहरु अनुस्थित भेटिएको भन्ने जनगुनासो सेवाग्राहीबाट प्राप्त गरेपछि कार्यालयहरुले छड्के अनुगमन गरी आवश्यक निर्देशन दिएको प्रजिअ अर्याल बताए ।

छड्के अनुगमन गर्दा धेरै कार्यालयहरुमा दरबन्दी अनुसार कर्मचारीहरु पदपूर्ति हुन नसकेको, कार्यालयमा आउँदा कर्मचारीले परिचयपत्र, सरकारी ड्रेस नलगाएको पाइएकोले त्यस्ता कर्मचारीलाई पहिलोपटक सचेत गराइएको र अनिवार्य ड्रेस परिचयपत्र लगाउन निर्देशन दिएको छ ।

सन्धिखर्कमा रहेका डिभिजन वन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री कृषि जोन गरी ७ वटा सरकारी कार्यालयको छड्के अनुगमन गरिएको थियो । ती कार्यालयको जिन्सी, भौतिक संरचना, आर्थिक अवस्थाका बारेमा अनुगमन गरी आवश्यक निर्देशन दिएको जिल्ला प्रशासन कार्यलय अर्घाखाँचीका सूचना अधिकारी प्रशासकीय अधिकृत नुमलाल पन्थीले जानकारी दिए ।

दशैंको विदा हुनुअघि नै धेरैजसो कर्मचारीहरु कार्यालयमा हाजिर नभएको गुनासो सेवाग्राहीले गरेका थिए । प्रमुख जिल्ला अधिकारी अर्यालले मध्यान्हसँग भने 'केही कार्यालमा कर्मचारी अनुपस्थित रहेको पाइयो, तर पनि कार्यालय प्रमुख सबै उपस्थित रहेछन् । अनुपस्थित कर्मचारीलाई स्पष्टीकरण सोधिएको र चितबुझ्दो जवाफ नआए विभागिय कारबाहीका लागि सिफारिस गरिने छ ।'

बुधबार एकै पटक ७ वटा सरकारी कार्यालयहरुमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा केही सरकारी कार्यालयमा अनुगन गरिएको बताउँदै प्रमुख जिल्ला अधिकारी अर्यालले भने, 'धेरैले पोसाक नलगाउने, कार्यालय परिसर सरसफाई नगर्ने, बेरुजु रकम दाखिला नगराउने समस्या रहेछ । ती समस्या तत्काल समधान गर्न कार्यालय प्रमुखलाई सचेत गराइएको छ ।'

जनताको काम नभएको व्यापक जनगुनासो आएपछि सरकारी कार्यालयहरुको अनुगम गरिएको उनले बताए ।

## साउदीस्थित राजदूतावास र गोसीद्वारा कार्यशाला सम्पन्न
# नेपाली श्रमिकहरू लाभान्वित हुने आशा

**साउदी अरब/मस-** नेपाली राजदूतावास, रियाद र साउदी अरबको जनरल अर्गानाईजेशन फर सोसियल इन्सुरेन्स अन्तर्गतको जनरल डिपार्टमेन्ट अफ इन्सुरेन्स अवेयरनेसको समन्वयमा राजदूतावासमा एक महत्वपूर्ण कार्यशाला सम्पन्न भएको छ ।



कार्यशालामा साउदी अरबमा कार्यरत नेपाली श्रमिकहरूको लागि सामाजिक सुरक्षा बीमा, कार्य-दुर्घटनामा घाइते वा अंगभंग भएमा पाउने सुविधा, र मृत्यु भएमा हकवालाहरूले प्राप्त गर्ने सेवासम्बन्धी जानकारी दिइएको थियो ।

गोसीकाका प्रतिनिधिहरू महा अलखतीब र अब्दुल रहमान अलओतैबीले साउदी सरकारको सामाजिक सुरक्षा प्रणालीबारे जानकारी गराउँदै यस प्रकारको सचेतनामूलक कार्यक्रम पहिलो पटक आयोजना गरिएको बताएका थिए । उनीहरुले भविष्यमा यस्ता कार्यक्रमलाई थप व्यापक बनाउँदै नेपाली श्रमिकहरूलाई समेट्ने उद्देश्यले दूतावाससँग निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा राजदूतावासका कार्यवाहक राजदूत डा. डमरूवल्लभ पौडेलले नेपाली श्रमिकहरूको सुरक्षाका लागि यस्ता कार्यक्रमहरूको महत्वबारे जोड दिए । उनले विगत लामो समयदेखि थाती रहेका मृतक श्रमिकका हकवालाहरूको सुविधा प्रदान गर्ने प्रक्रियामा उल्लेखनीय प्रगति भएको बताए । उनले भविष्यमा यस्ता सचेतनामूलक कार्यक्रमहरूको निरन्तरता र प्रभावकारीताका लागि गोसी र राजदूतावासबीचको सहकार्य अझ सुदृढ हुने विश्वास व्यक्त गरे ।

कार्यशालामा दुवै पक्षका प्रतिनिधिहरूबीच प्रश्नोत्तर र अन्तरक्रिया समेत भएको थियो । जसले गर्दा धेरै अस्पष्ट रहेका विषयहरूमा स्पष्टता प्राप्त भएको थियो । नेपाली श्रमिक समुदायलाई लक्षित गर्दै भविष्यमा यस्ता सचेतनामूलक कार्यक्रमहरूको निरन्तरताका लागि सहमति पनि भएको दूतावासले जनाएको छ ।

# 'भाषा शिक्षणमा अनुवादको प्रभाव'

**काठमाडौं/मस-** नेपाल प्रज्ञा-प्रतिष्ठान, साहित्य(अनुवाद) विभाग र अनुवादक समाज नेपालको सहकार्यमा विश्व अनुवाद दिवसको अवसर पारेर 'पाठ्यपुस्तक र पाठ्य सामग्रीमा अनुवादको प्रयोग' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम प्रतिष्ठानकै देवकोटा सभाकक्षमा आयोजना गरिएको थियो ।



प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले ब्यानर वाचन गरेर अन्तरक्रिया कार्यक्रमको समुद्घाटन गर्दै अनुवादको प्रभाव भाषाका पाठ्यपुस्तकको अध्ययन अध्यापनमा त्यतिकै रहेको छ र यो स्वयम्मा ज्ञान र सञ्चारको माध्यम भएको बताए । कुनै पनि रैथाने भाषामा अनुवादको माध्यमले प्राथमिक तहदेखि नै प्रभाव पारेको भन्दै यसको महत्वलाई सबैले स्वीकार्नुपर्ने उनको धारणा थियो । प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले नेपालको अनुवाद विधासम्बन्धित नीतिको अभावमा अनुवादकार्य र पठनपाठनमा अन्योल परेको बताए। उनले भाषा शिक्षणविधिमा प्रत्यक्ष अनुवादको प्रभाव रहेको बारे चर्चा गरे ।

प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (अनुवाद) विभाग प्रमुख हंसावती कुर्मीले उक्त अन्तरक्रियाको सभाध्यक्षता गरेकी थिइन् । उनले अनुवादको माध्यमले ज्ञान आदानप्रदान गर्न सहज हुने बताउँदै शिक्षामा अनुवादको संस्कृतिले पठनपाठनमा दिगो असर पार्ने बताइन् । उक्त अन्तरक्रियामा अनुवादक समाज नेपालका महासचिव डा.ऋषिराम अधिकारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै नेपाली पाठ्य सामग्रीमा अनुवादको महत्त्व बारे बताए ।

अन्तरक्रियाको प्यानलिस्ट छलफलमा डा.प्रकाश तिवारी, अजम्बरजंग लिम्बू (अमर तुम्याहाङ र करुणा नेपालले भाग लिएका थिए । प्यानलिस्ट अन्तरक्रियाको सहजीकरण चन्द्रबहादुर लामाले गरेका थिए । उक्त अन्तरक्रियामा डा.प्रकाश तिवारीले अनुवाद ज्ञान धारणाका लागि महत्वपूर्ण माध्यम भएको बताए ।

यसैगरी अमर तुम्याहाङले अनुवादको सैद्धान्तिक पक्ष मात्र नभइ व्यवहारिक पक्षमा ध्यान दिनु आवश्यक रहेको बताउँदै भाषा शिक्षणमा अनुवादको प्रभाव प्रवल रहेको चर्चा गरे। साथै उनले बहुभाषिक अनुवाद कार्यक्रम लागू गर्नुपर्नेमा जोड दिए ।

करूणा नेपालले अनुवाद दैनिक जीवनबाट शुरु हुने बताउँदै अनुवादसँग भाषान्तर मात्रै नभइ प्रत्यक्ष संस्कृति र समाज पनि जोडिन आउने उल्लेख गरिन् । उक्त अन्तरक्रियाको सञ्चालन अनुवादक समाज नेपालका सचिव सकुनकुमार जोशीले गरेका थिए ।

# 'शान्तिपूर्ण बाटोबाटै देशलाई निकास दिनुपर्छ'

काठमाडौं/मस-नेपाली भूमिमा लामो समयदेखि क्रान्तिको अभ्यास धेरै भएपनि सार्थक निकास नभएकोले अब गान्धी विचारधारालाई अवलम्बन गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन् । बुधबार काठमाडौंको संवाद डबलीमा गान्धी शान्ति प्रतिष्ठान नेपालले आयोजना गरेको '१५५औं गान्धी जयन्ती'को अवसरमा वक्ताहरुले हिंसा भन्दा शान्तिपूर्ण बाटोबाटै देशलाई निकास दिनुपर्नेसमेत बताए ।




सो कार्यक्रममा प्रा.डा.सुरेन्द्र केसीले दक्षिणी छमेकी मुलुक भारतलाई ब्रिटिस साम्राज्यको बर्बरताबाट मुक्त गर्ने गान्धी विचारधारा नेपालमा मात्रै नभएर विश्वभरी नै सान्दर्भिक रहेको बताए । केसीले गान्धीको योगदानको चर्चा गर्दै भने,' गान्धीका समकालिन अरु नेताहरुले हिंसात्मक लडाइँ लडे पनि अन्तिममा गान्धीको ' भद्र अवज्ञा' आन्दोलनले मात्रै पार पायो, यो नेपालीले पनि बुझ्नुपर्छ ।'

केसीले गान्धीको शान्तिवादी असहयोग आन्दोलनको प्रस्तावमाथि तत्कालिन राज नेताहरुले हास्यास्पद रुपमा लिएको र ब्रिटिसहरुले पनि सामान्य लिएपनि अन्ततः गान्धी नै सहि सावित भएको बताए ।

पूर्व सांसद हरिचरण साहले नेपालमा कहिले कांग्रेस त कहिले कम्युनिस्टको नाममा हत्या हिंसा चलेता पनि त्यसले देशलाई फाइदा भन्दा घाटा गरेकोप्रति आक्रो व्यक्त गर्दै गान्धीको बाटो आवलम्बन गर्न सुझाए ।

आयोजक संस्था गान्धी शान्ति प्रतिष्ठानका प्रमुख सल्लाहकार डा.चन्द्र कुमार शर्माले गान्धी सिद्धान्तको आवश्यकताको बारे प्रष्ट्याउँदै नेपाल सर्व धर्म, शान्ति र अहिंसाको बाटोमा अघि बढ्न आवश्यक रहेको सन्देश दिए ।

प्रतिष्ठानका अध्यक्ष डा.लालबहादुर रानाले नेपाल र नेपालीले दीर्घकालीन शान्ति तथा विकासको अपेक्षा गरिरहे पनि देशमा असमानता र अशिक्षाको कारण त्यसो हुननसक्नु दुःखत रहेको बताए । गान्धी जयन्तीको अवसरमा सम्पूर्ण नेपाली जनताको शान्ति र समृद्धि अपेक्षालाई सरकारले पूरा गर्नुपर्नेमा जोड दिए ।

गान्धी जयन्तीको अवसरमा समाजसेवीहरु दिलबहादुर राना, प्रेम थुलुङ, भगवती कुमारीलगायतलाई संस्थाले कदर पत्रद्वारा सम्मान गरेको थियो । सो अवसरमा संस्थाको लागि अन्तर्राष्ट्रिय सदस्यहरु तथा गान्धी शान्ति दूतहरु भारबाट पद्यम डा.विजय कुमार साह, अष्ट्रेलियाबाट डा.हेलेन इडवार्ड, इरानबाट प्राध्यापक डा. रेजा अजिज, लण्डनबाट डा.प्रविन रानीलगायतले भिडियो तथा पत्राचारमार्फत शुभकामना सन्देश पठाएका थिए ।

# कांग्रेस अर्घाखाँचीले ६१ वटै वडामा खटायो प्रतिनिधि



**सुरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ असोव

कांग्रेस अर्घाखाँचीले ६१ वटै वडामा प्रतिनिधि खटाएको छ । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकको निर्णयानुसार प्रतिनिधि खटाएको हो ।

कांग्रेस जिल्ला पदाधिकारी बैठकको निर्णय अनुसार जिल्लाका ६१ वटै वडामा कांग्रेस जिल्ला पदाधिकारी, जिल्ला सदस्य, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, प्रदेश पदाधिकारी, पालिका पदाधिकारी, पूर्व जिल्ला पदाधिकारी तथा नेताहरु खटिएका छन् ।

वडामा खटिएका प्रतिनिधिले क्रियाशिल कार्ड वितरण, नविकरण र नयाँ फर्म वितरण, कांग्रेसका विभिन्न भातृ तथा शुभेच्छुक संस्था गठन, वडा कार्यसमिति, टोल कार्यसमितिलाई क्रियाशिल बनाउने लगायतका कार्य गर्ने नेपाली कांग्रेस जिल्ला सचिव कृष्ण प्रसाद खनालले बताए । त्यसैगरी प्रतिनिधिले वडाभित्र कांग्रेस वडा कार्यसमिति र जनप्रतिनिधिबीचको सम्बन्धलाई अझ मजबुँद बनाउन भूमिका खेल्ने छन् ।

कांग्रेसको विधान बमोजिम वार्षिक क्यालेण्डर अनुसार वडा सम्मेलन तयारी समेत गर्ने गरी संगठन विस्तारका लागि नेताहरु प्रतिनिधिको रुपमा खटिएको कांग्रेस अर्घाखाँचीका जिल्ला सभापति केशब श्रेष्ठले जानकारी दिए ।

# माटोको ढिस्कोले पुरिएर दुई जनाको मृत्यु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १५ असोज



हुम्लाको ताँजकोट गाउँपालिका वडा नं. ३ राम गाउँमा माटोको ढिस्कोले पुरिएर दुई जनाको मृत्यु भएको छ । बुधबार बिहान दशैंका लागि घर सजावट गर्न घर लिप्ने सेतो कमेरो माटो खन्ने क्रममा ढिस्कोमा पुरिएर दुई जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा ताँजाकोट गाउँपालिका रोजगार शाखाका सह-संयोजक रामगाउँका ध्रुव शाही र सोही गाउँका २४ वर्षीया मनसरा मल्लको मृत्यु भएको छ । सँगै माटो लिन गएका रामगाउँका २६ वर्षीय लालबहादुर शाही घाइते भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जानाएको छ ।

धेरै वर्षदेखि चाडबाडका अवसरमा कमेरो निकाल्दा ठूलो ओढार परेको ठाउँमा भित्र गएका बेला माथिबाटको ढिस्कोले उनीहरुलाई परेको गाउँपालिकाले जनाएको छ । कमेरोको ओढारबाट भाग्ने क्रममा लालबहादुर शाही घाइते भएका हुन् ।


## सोताङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशि प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८१/०६/१७)

यस कार्यालयको मिति २०८१/०५/१४ गते प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र आव्हान गरिएकोमा तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मूल्याङ्कन प्रचलित कानून बमोजिम मूल्याङ्कन समितिले गरी तपसिल अनुसारको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि दफाको उप दफा (३) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.स. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | कबोल रकम रु. |
|---|---|---|---|
| 1. | Construction Of Shree Birendra Jyoti Sec. School , Administration Building (01/SRM/NCB/2081/82) | Maa Gyatri Nirman Sewa Bhindawar -7 Pipariya Dostiya, Rautahat, Nepal | 77,12,945.24 |

## साउदी अरब र कुवेतमा रोजगार

कम्पनी: **Honeyul Arabian Company Limited**, Dammam, Saudi Arabia
पूर्व स्वीकृती मिति २०८१।०६।०२ चलानी नं.६०२२६१७५ LT.No. 310930

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 05 | - | कामका दक्ष | 1200 | ४२,९७२ | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 02 | - | | 1200 | ४२,९७२ | | | | | | | |

२. कम्पनी: **Al-Jaber & Hawai General Trading And Contracting Company**, Kuwait
पूर्व स्वीकृती मिति २०८१।०६।१६ चलानी नं. ६०२२६१७१ LT.No. 311679

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Carpenter | 05 | - | सम्बन्धित काममा दक्ष | 150 | ५६,९६५ | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |
| 2 | Rainforceing Building Steel Fixer | 05 | - | | 150 | ५६,९६५ | | | | | | | |
| 3 | Air Condition & Refrigeration Technician/installation | 05 | - | | 160 | ७०,३६० | | | | | | | |
| 4 | General Plumber | 05 | - | | 150 | ५६,९६५ | | | | | | | |
| 5 | General Electricity Welder | 05 | - | | 150 | ५६,९६५ | | | | | | | |
| 6 | Welder Tech. | 05 | - | | 150 | ५६,९६५ | | | | | | | |
| 7 | General Electrician | 05 | - | | 150 | ५६,९६५ | | | | | | | |
| 8 | Light Private Driver | 05 | - | | 180 | ७९,१५५ | | | | | | | |
| 9 | Road Construction Labor | 10 | - | | 100 | ४३,९७५ | | | | | | | |
| 10 | Construction Worker | 10 | - | | 100 | ४३,९७५ | | | | | | | |
| 11 | Asphalt Worker | 10 | - | | 110 | ४८,३७३ | | | | | | | |
| 12 | Road Maintenance Workers | 10 | - | | 100 | ४३,९७५ | | | | | | | |
| 13 | Asphalt Roofing Worker | 05 | - | | 120 | ५२,७७० | | | | | | | |
| 14 | Stone Cutting Labour | 05 | - | | 110 | ४८,३७३ | | | | | | | |
| 15 | Machinery & Equipment Lubricator | 02 | - | | 160 | ४३,८७५ | | | | | | | |
| 16 | Filled Concrete Mixer | 06 | - | | 160 | ७०,३६० | | | | | | | |
| 17 | Female Cleaner | - | 02 | | 120 | ५२,७७० | | | | | | | |

३. कम्पनी: **Al-Sham Restaurant for serving meals**, Dammam, KSA पूर्व स्वीकृती मिति २०८१।०६।११ चलानी नं.६०२२६१७४, LT.No. 311403

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 02 | - | काममा दक्ष | 1000 | ३५,६९२ | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | छ | २ वर्ष |

अन्तर्वार्ता २०८१ असोज २४ गते (10 Ocotber, 2024) मेनपावर कार्यालय कलंकीमा हुनेछ ।

**Talent International Management Service Pvt. Ltd.**
कलंकी-१४, लिंकरोड काठमाण्डौ, नेपाल, सम्पर्क: ०१-५२३४६०३,
श्रम इजाजत नं ५९८/०६८/६९

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, दाङ**

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१५**

कृषि ज्ञान केन्द्र, दाङको चालू आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्न वमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८१/०७/१४ गतेसम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपशिलको कागजातहरू सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट dang.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८२-५६००२५/९८५७८४५७२५ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

१. बीउ आत्मनिर्भर कार्यक्रम
२. व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम
३. व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम (तुल्सीपुर उपमहानगर पालिका क्षेत्र)
४. सिंचाई सहित कृषि विकास कार्यक्रम
५. लक्षित समुदाय विशेष आर्जन कार्यक्रम
६. करार खेती कार्यक्रम
७. मुक्त कमैया कम्लरी आयआर्जन कार्यक्रम
८. विपदबाट क्षति पुगेका कृषक/उद्यमी/फर्म/समूह/सहकारीलाई पुनर्स्थापनाका लागि वस्तुगत सहयोग कार्यक्रम
९. वर्षे/हिउँदे फलफूल विरुवा वितरण
१०. फलफुल बगैंचा सुदृढीकरण कार्यक्रम
११. पि.वि.एस.र टि.पि.एस वीउ आलु वितरण

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन । (अनुसूची ३३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची- ३५ बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र) जग्गा ।

**नोट :** माथी उल्लेखित कार्यक्रमहरुको **कार्यक्रम, क्रियाकलापहरू, मापदण्ड तथा अनुदान सीमा सम्बन्धि बिस्तृत जानकारीका लागि कृषि ज्ञान केन्द्र तथा स्थानियतहको** सूचनापाटी/वेवसाईट dang.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

मध्यान्ह
www.madhyanhadaily.com
१७ असोज २०८१, बिहीबार
3 October 2024, Thursday

## सम्पादकीय

## प्राथमिकतामा सडक सञ्जाल

गत ११ असोज रातिको अत्याधिक वर्षाका कारण आएको बाढी, पहिरो र डुबानका कारण राजधानी काठमाडौं लगभग नाकाबन्दीकै अवस्थामा छ। अरनिको, बीपी, कान्ति, पुष्पलाल मध्यपहाडी, मेची, मदन भण्डारी, काली गण्डकी, पृथ्वी राजमार्ग लगायत सडक खण्ड क्षतिग्रस्त बनेको छ। विशेषरी अरनिको, बीपी, पृथ्वी राजमार्गमा पुगेको क्षतिका कारण राजधानीसँग देशका अरू भू–भागको सम्बन्ध छुटेको छ। सडक विभागका अनुसार देशभर गरी २१ हजार ५ सय मिटर सडक क्षतिग्रस्त बनेको छ। ५ वटा पक्की पुल बगेको छ भने २ सय मिटर बराबर बेलिब्रिज बगेको छ। सडक बग्ने र पुरिने, पक्की पुल र बेलिब्रिज बगाएको ठाउँमा तत्काल अस्थायी रूपमा सडक सञ्चालनमा ल्याउन सजिलो छैन। यद्यपि पक्की पुल बगेका ठाउँमा बेलिब्रिज राखेर भएपनि दशैं अगाडि अस्थायी सडक सञ्चालनको प्रयास भइरहेको छ। सडक सञ्चालनका निम्ति तीनै तहका सरकार र सामाजिक संघसंस्थाहरू परिचालित छन्।

सडक सञ्जाल टुटेकाले प्रभावित क्षेत्रमा रहेको मानवीय संकटमा सहयोग पुग्न सकिरहेको देखिदैन। विशेषगरी काभ्रे जिल्लामा मानवीय संकट देखिन्छ। रोशी खोलाको शीर भएर पश्चिमतर्फ नख्खु र पूर्वतर्फ रोशी खोला किनार भएर पुगेको क्षति विवरण अहिलेसम्म सार्वजनिक हुनै सकेको छैन। सरकारी निकायहरूले अनुमानकै भरमा १७ अर्ब बराबरको क्षति भएको तथ्याङ्क सार्वजनिक गरेको छ। सरकार मृतक, बेपत्ता र घाइतेहरूको तथ्याङ्क सार्वजनिक गरेर बसेको छ। पीडित परिवारका निम्ति यथोचित सम्बोधन हुन नसकेको प्रष्ट छ। बाढी र पहिरोका कारणले अन्नबाली, भौतिक संरचना, ब्यापार ब्यावसायमा पुगेको क्षतिबारे धेरै कुरा हुन सकेकै छैन। यसरी भएकै क्षति समेत दुनियाँले देख्न नपाउनुमा सडक सञ्जाल टुट्नु हो। पीडितहरूले आफ्ना कुरा राख्नलाई आवश्यक ठाउँ नपाउनु हो। किनकि सडक सञ्जाल नभएकाले मिडिया प्रभावित क्षेत्रमा पुग्न सकेको देखिदैन।

त्यसैले अवरूद्ध सडक संरचना खुलाउने कुरालाई प्राथमिकतामा राख्नुपर्छ। सडक सञ्जाल खुल्ने मात्र हो भने बाँकी सहयोगहरू जुट्न थाल्नेछ। मनकारी मानिसहरूले राहत लिएर जान पाउनेछन्। घाइतेहरूको उपचार गराउन राम्रो अस्पतालसम्म पुग्न सकिनेछ। अहिले हेलिकोप्टरले दिइरहेको सेवा आमनागरिकको पहुँजमा पुग्न सक्नेछ। तर सडक सञ्जाल अवरूद्ध हुँदा टेलिफोनको समस्या राख्न समेत नागरिकले पाएका छैनन्। एकप्रकारले भन्ने हो भने सडक सञ्जाल टुटेकै कारणले समस्या पहिचान गर्नै सकिएको छैन। जबकी विगतमा महाभूकम्प, कोभिड जस्ता समस्यामा पनि सडक सञ्जाल सञ्चालनमा रहेकै कारण समस्यासँग जुध्न सजिलो भएको थियो। राहत सामग्री लिएर जान, अस्थायी पुनर्स्थापना गर्नदेखि अरू समस्या सम्बोधनमा पनि सहज भएको थियो। अहिले सडक सञ्चालमा ठूलो क्षति पुग्दा अरू समस्याहरू ओझेलमा परेको छ। अझ दशैं, तिहार जस्ता चाडहरू नजिकिएका छन्। लामो तथा छोटो दुरीको यातायात नचल्दा घर फर्कनेहरूलाई समस्या हुनेछ। यी सबै तथ्यहरूलाई आधार मानेर सरकारले सडक सञ्जाल अस्थायी रूपमै भएपनि सञ्चालन गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्छ। यद्यपि मानवीय उद्धारका कार्यहरू भन्दा प्राथमिकतामा चाही सडक सञ्चाल होइन।

# वैज्ञानिक शिक्षा प्रणालीको प्रारूप

*शिक्षालाई ज्ञानको सीमाभित्र कैद गर्ने होइन की यसलाई युग सापेक्ष र गतिशील प्रयोगको रूपमा विकास गरिनुपर्छ। शिक्षालाई जनवादीकरण नगरी समाजको पिँधमा रहेका जनताको जीवनस्तर माथि उठाउन सकिँदैन।*

अग्रलेख



● राजन तिमिल्सिना

आज हामी तीव्रतापूर्वक बदलिरहेको विश्वको स्वरूप, नाटकीय रूपमा घटिरहेका असाधारण घटनाहरूको बिचमा बसिरहेका मात्र छैनौं की बरु तिनीहरूबाट बढी भन्दा बढी प्रभावित पनि भइरहेका छौं। समकालीन विश्वमा वैज्ञानिक-प्राविधिक विकासले युग सापेक्ष, व्यवहारिक र जीवनोपयोगी शिक्षामार्फत विश्वको स्वरूप, संस्कृति र मानव जातिको जीवन व्यवहार नै बदलिदिएको छ।

वैज्ञानिक, प्राविधिक र व्यवहारिक शिक्षा भनेको श्रम शिक्षा हो। श्रम शिक्षा बिना भौतिक जगत र मानव समाजको गतिलाई सही ढङ्गले समात्न सकिँदैन। श्रम शिक्षा भनेको आवश्यक सीप र दक्षतासहितको व्यवहारिक र प्राविधिक शिक्षा हो। आज हामी अमूर्त रूपमा वैज्ञानिक शिक्षा प्रणालीको कुरा गरिरहेका छौं, त्यसलाई मूर्त र ठोसरूपमा परिभाषित गर्नु अहिलेको आवश्यक हो, जसले जीवनोपयोगी शिक्षाको माध्यमबाट भौतिक जगत र मानव जीवनका जटिलतम प्रश्नहरूको सही जवाफ दिन सकोस्। श्रम शिक्षाले अव्यवहारिक शिक्षा प्रणालीलाई बदलेर भौतिक जगत, मानव जीवन र सामाजिक परिघटनाहरूलाई सही ढङ्गले दिशानिर्देश गर्न मद्दत गर्दछ।

श्रम शिक्षा यस्तो शिक्षा पद्धति हो, जसले वैज्ञानिक सिद्धान्तहरू, विधिहरू र सोचाइको विकासमा विशेष जोड दिन्छ। यो प्रणालीको मुख्य उद्देश्य विद्यार्थीलाई वैज्ञानिक अनुसन्धान, तर्कसंगत सोच, र समस्याहरूको समाधानका लागि विश्लेषणात्मक र प्रयोगात्मक क्षमता अभिवृद्धि गर्नु हो। यसप्रकारको शिक्षाबाट आफूले के-कस्तो उत्पादन वा सेवा दिने भन्ने कुराको सुनिश्चित हुन्छ र यसबाट कुनै प्रकारको शैक्षिक बेरोजगार बन्नु पर्दैन।

विश्वमा वैज्ञानिक, प्राविधिक तथा व्यवहारिक शिक्षा प्रणालीको विकाससँगै मानवीय चेतना, सूचना प्रणाली, उत्पादन प्रणाली, सामाजिक ढाँचा आदिमा पुराना मूल्य-मान्यताहरू क्रमभङ्ग हुँदै नयाँ मूल्य मान्यता र अवधारणाहरू स्थापित भइरहेका छन्। विज्ञान-प्राविधिक क्रान्तिले सिङ्गै विश्वलाई एउटा सानो गाउँमा परिणत गर्दै भूमण्डलीकरणको मध्यमद्वारा श्रम, सिप, प्रविधि र चेतनालाई क्रमशः सीमारहित बनाएको छ।

विज्ञान-प्राविधिक क्रान्तिले नयाँ-नयाँ आविष्कार गर्दै मानव जीवनलाई सकारात्मक रूपमा प्रभावित गरिरहेको छ, साथै केही अपवादहरू नकारात्मकरूपमा पनि देखा परेका छन्। २०औं शताब्दीमा भौतिक विज्ञानको क्षेत्रमा भएको समुच्चय तथा महानतम् आविष्कार भनेको क्वान्टम सिद्धान्तको आविष्कार नै मुख्य हो। क्वान्टम सिद्धान्तको आविष्कारले शिक्षा र दर्शनको क्षेत्रमा मूलभूत परिवर्तन नै ल्याइदिएको छ। कम्प्युटर, माक्रो-इलोक्टोनिक, सूचना प्रविधि, यन्त्र विज्ञान, परमाणु विज्ञान, विद्युतचालित यन्त्र, सेन्सर प्रविधि, अटोमेशन, रोर्वट जस्ता प्रविधिको विकासले परम्परागत शिक्षा प्रणालीलाई ठुलो चुनौती थपिदिएको छ।

शिक्षाको महत्व र विकासका साथै यसका नविनतम् आयामहरूका विषयमा नयाँ-नयाँ खोज र अनुसन्धानहरूको खाँचो छ। नेपालको शिक्षा प्रणाली अत्यन्तै पुरातन वादी सोच, मूल्य, मान्यता र अवधारणामा कैद छ। यसले शिक्षाका नविनतम् मार्ग पहिल्याउन नसक्दा शिक्षार्थीहरूको बौद्धिक विकासलाई बन्ध्याकरण गरिरहेको छ।

वर्तमानको जीवनोपयोगी र वैज्ञानिक तथा प्राविधिक शिक्षा प्रणालीको विकासले मात्र नेपाल र नेपाली समाजको भविष्यको नयाँ मार्गचित्र कोर्न सक्छ। भौतिक जगतका हरेक वस्तुहरू, घटनाहरू, पदार्थहरू र सामाजिक क्रियाकलापहरू गतिशील र परिवर्तनशील छन्। यसका शाश्वत नियम र गति बुझ्न नसक्दा शिक्षा क्षेत्रले अग्रगामी फड्को मार्न सकिरहेको छैन।

नेपालको शिक्षा क्षेत्रमा राज्यको ठुलो लगानी हुँदाहुँदै पनि यसले अपेक्षित परिणाम दिन सकेको छैन। के हामी यो अवस्थाको जवाफ नखोज्ने ? राज्य यन्त्रको पुरानो मेकानिज्म नयाँ सोच, मूल्य मान्यता र प्राविधिक ज्ञानद्वारा अपडेट छैन। देशमा अझै पनि परम्परावादी र गुरुकुल शिक्षा प्रणाली कायमै रहेको छ। शिक्षण विधिमा पनि नयाँ आयाम थपिएको छैन र पाठ्यक्रमहरूमा शाब्दिक फेरबदल मात्रै छ, व्यवहारिक र युग सापेक्ष छैन। जसको कारण शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने भट्टीको रूपमा सीमित भइरहेका छन्। देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न कृषि शिक्षा, यन्त्र विज्ञान, बहु प्राविधिक शिक्षा, सैन्य शिक्षा आदिलाई प्राथमिक तहदेखि नै अनिवार्य गर्नु पर्दछ। शिक्षालाई सैद्धान्तिक कक्षामा मात्र कैद नगरी अनिवार्य प्रयोगात्मक विधि लागू गरिनुपर्छ।

शिक्षालयहरूले राज्यलाई आवश्यक जनशक्ति निर्माण गर्नुभन्दा पनि राज्यलाई नै बोझ हुने जनशक्ति उत्पादन गरिरहेका छन्। देशमा दक्ष जनशक्तिको अभावले कयौं कलकारखाना, उद्योग र सेवा क्षेत्रमा विदेशी कामदारहरू कार्यरत छन् भने श्रम शिक्षाको अभावको कारण नेपालका लाखौं युवाहरू बेरोजगार भई कामको खोजीमा देश, विदेशमा भौंतारी रहेका छन्।




*वर्तमानको जीवनोपयोगी र वैज्ञानिक तथा प्राविधिक शिक्षा प्रणालीको विकासले मात्र नेपाल र नेपाली समाजको भविष्यको नयाँ मार्गचित्र कोर्न सकिन्छ। भौतिक जगतका हरेक वस्तु, घटना, पदार्थ र सामाजिक क्रियाकलाप गतिशील र परिवर्तनशील छन्। यसका शाश्वत नियम र गति बुझ्न नसक्दा शिक्षा क्षेत्रले अग्रगामी फड्को मार्न सकिरहेको छैन।*

अवैज्ञानिक र अव्यवहारिक शिक्षा प्रणालीको कारण शिक्षित जनशक्तिभन्दा अशिक्षित युवाहरू व्यवहारिक ज्ञानको कारण बरु रोजगारीमा फिट भइरहेको तथ्यहरूले देखाइरहेको छ।

शिक्षालय भनेको नयाँ-नयाँ आविष्कारको प्रयोगशाला र वैज्ञानिकहरू उत्पादन गर्ने महाविश्वविद्यालयको रूपमा अघि बढाउनु पर्दछ। शिक्षा केवल बुझ्नको लागि मात्रै हुनु हुँदैन, शिक्षा जीवन र जगतलाई बदल्ने हुनुपर्छ। जीवनको ऊर्जाशील समय शिक्षा आर्जनमा व्यतित् गरी ठुलो धनराशि खर्च गर्दा समेत बेरोजगार हुनुको पीडा आम शैक्षिक जनशक्तिले भोग्दै आएका छन्। पुरातन वादी शैक्षिक प्रणालीलाई श्रम शिक्षाको माध्यमद्वारा समूल रूपान्तरण र पूर्नसंरचना गरेर मात्र वर्तमानका शैक्षिक अन्तर्विरोधहरू हल गर्न सकिन्छ।

श्रम शिक्षा प्रणालीमा विद्यार्थीलाई अनुसन्धान र प्रयोगहरूमा संलग्न गरिन्छ। उनीहरूले प्रयोगशालामा व्यवहारिक अनुभव प्राप्त गर्छन्, जसले वैज्ञानिक अवधारणालाई राम्रोसँग बुझ्न मद्दत गर्छ। यो प्रणालीमा शिक्षण विधि तथ्यमा आधारित हुन्छ। शिक्षकहरूले वैज्ञानिक प्रमाणहरू प्रस्तुत गरेर विद्यार्थीलाई ज्ञान प्रदान गर्छन्।

श्रम शिक्षा प्रणालीले विद्यार्थीलाई समस्याहरूको समाधान गर्न सक्ने बनाउँछ। यसमा उनीहरूले वैज्ञानिक विधि प्रयोग गरेर समस्याहरूलाई विश्लेषण गर्छन् र निष्कर्ष निकाल्छन्। यो प्रणालीले विद्यार्थीलाई तर्क संगत सोच्न र प्रश्न गर्न उत्प्रेरित गर्छ। उनीहरूलाई केवल जानकारी ग्रहण गर्न मात्र नभई, आफूले प्राप्त गरेका जानकारीको परीक्षण र आलोचना गर्न प्रोत्साहित गरिन्छ।

श्रम शिक्षा प्रणालीमा प्रविधिको ठुलो भूमिका हुन्छ। कम्प्युटर, डिजिटल उपकरणहरू र इन्टरनेटको प्रयोग गरेर विद्यार्थीहरूले वैज्ञानिक ज्ञानलाई व्यावहारिक रूपमा उपयोग गर्न सिक्छन्। यो प्रणालीले विद्यार्थीहरूलाई नवीकरण, नवप्रवर्तन र अनुसन्धानतर्फ प्रेरित गर्छ, जसले उनीहरूको दिगो विकासमा मद्दत पुऱ्याउँछ।

नेपालमा आज जुन शिक्षा प्रणाली र शिक्षण विधि प्रयोग गरिएको छ, यसले नेपाली समाजलाई आवश्यक पर्ने दक्ष जनशक्ति निर्माण गर्न सकेको छैन। शिक्षालयहरू शिक्षार्थीहरूको मनोविज्ञानअनुसारको शिक्षा दिन असमर्थ भएका छन्। बालबालिकाहरूको रुचिअनुसारको शिक्षा दिनुको साटो घोकन्ते र लादिएको शिक्षा प्रणालीले नयाँ र सिर्जनशील जनशक्ति उत्पादन गर्न सक्दैन। शिक्षालाई विविधीकरण गर्दै बालबालिकाको मनोविज्ञान र रुचिअनुसार शारीरिक, प्राविधिक, व्यवहारिक र प्रयोगात्मक शिक्षामा जोड दिनु पर्दछ।

शिक्षा सर्वसाधारण र घरनीयाहरूको लागि फरक-फरक छ। शिक्षालाई जनवादीकरण गर्नुपर्छ। जनवादी शिक्षा भनेको जनताको शिक्षामा पहुँच, सहभागिता र समावेशितालाई प्राथमिकता दिने शैक्षिक प्रणाली हो। यसको मुख्य उद्देश्य समाजका सबै वर्गका मानिसहरूलाई समान शिक्षा उपलब्ध गराउनु, सामाजिक न्यायलाई प्रोत्साहन गर्नु र व्यक्ति, समाज तथा राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउनु हो। जनवादी शिक्षा विशेषगरी असमानता, विभेद र उत्पीडनको विरुद्ध उभिने र सबैलाई शिक्षाको समान अधिकार सुनिश्चित गर्ने शिक्षा प्रणाली हो।

जनवादी शिक्षामा सबैलाई, चाहे उनीहरूको सामाजिक, आर्थिक, जातीय वा लैङ्गिक अवस्थिति जे होस्, समान र गुणस्तरीय शिक्षा प्रदान गर्नु, विद्यार्थीहरूलाई मात्र सिकाइको विषयवस्तु ग्रहण गर्ने नभई, तिनीहरूलाई शिक्षण र सिकाई प्रक्रियामा सक्रिय सहभागिता गराउनु हो। यस्तो शिक्षा प्रणालीले समाजमा रहेका असमानता र अन्यायहरूलाई सम्बोधन गरी सबैलाई समान शैक्षिक अवसर उपलब्ध गराउनु हो।

विभिन्न भाषिक र सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्ने शिक्षण विधि अपनाउनु, जसले उनीहरूको भाषिक, संस्कृति र पहिचानलाई संरक्षण गर्न मद्दत गरोस्। जनवादी शिक्षाले व्यवहारिक ज्ञानलाई जोड दिन्छ, जसले विद्यार्थीहरूको दैनिक जीवन र समाजको आवश्यकतामा आधारित शिक्षा प्रदान गर्छ। शिक्षण र सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीबिच संवादमूलक र सहकार्यात्मक वातावरण सिर्जना हुन्छ। विद्यार्थीहरूलाई केवल ज्ञानको उपभोक्ता होइन, सर्जकका रूपमा हेरिन्छ। विद्यार्थीहरूको समूहमा छलफल, परियोजना कार्य र सामूहिक गतिविधिमा जोड दिइन्छ, जसले उनीहरूमा सामूहिक भावना र समन्वयको विकास गर्छ। शिक्षण सामग्री स्थानीय सन्दर्भ, संस्कृति र वास्तविकतासँग मेल खाने गरी तयार गरिन्छ, जसले विद्यार्थीहरूको रोजाई र आवश्यकतालाई सम्बोधन गर्छ।

विद्यार्थीहरूलाई केवल किताबी ज्ञानमा सीमित नराखेर समाजका विभिन्न पक्षहरूलाई आलोचनात्मक रूपमा सोच्न र प्रश्न गर्न प्रेरित गरिन्छ। यसले औपचारिक र अनौपचारिक दुवै प्रकारका शिक्षण विधिहरूलाई समावेश गर्छ, जसमार्फत समुदाय स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिन्छ। समग्रमा, जनवादी शिक्षाले मानिसहरूलाई समाजको परिवर्तन र सुधारका लागि तयार पार्दै समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्ने उद्देश्य राख्छ।

अन्त्यमा, शिक्षा क्षेत्रको साथै विश्वमा विज्ञान-प्राविधिक क्रान्तिमा भएको विकासको अध्ययनबाट हामी के निष्कर्षमा पुग्दछौं भने श्रम र व्यवहारबाट कटेको शिक्षा प्रणालीले न त जीवन र जगतको गतिलाई बुझ्न सक्छ, न त्यसलाई बदल्न नै सक्छ। जसको कारण न त समाज र सामाजिक क्रियाकलाप बदलिएको छ, न मानिसको जीवन व्यवहार नै बदलिएको छ। शिक्षालाई ज्ञानको सीमाभित्र कैद गर्ने होइन की यसलाई युग सापेक्ष र गतिशील प्रयोगको रूपमा विकास गरिनुपर्छ। शिक्षालाई जनवादीकरण नगरी समाजको पिँधमा रहेका जनताको जीवनस्तर माथि उठाउन सकिँदैन।

## सामाजिक सञ्जाल



**- विनोद न्यौपाने**

नख्खु, रोसी खोलाको मुहान क्षेत्रमा भएका खानी, क्रसर आदि रोकेर त्यो क्षेत्रमा घाँस सुरुमा रोप्न सुरु गर। लगभग खोलो किनारका खेत पुनः पाँच वर्ष जतिमा खेतको स्वरूपमा आउँछ। यति कार्य नगरेमा भने पुनः थोरै सामान्यभन्दा बढी पानी पर्नासाथ दुःख दिन्छ। पहाडे कागजमा लेखेर राखे हुन्छ।



**- रञ्जित तामाङ**

विपद् पछि सम्झिनै पर्ने तर, कसैले नसम्झेको एउटा क्षेत्र छ, बिमा। २०७२ सालको भूकम्पपछि बिमा दाबी गर्न जाँदा 'भुईंचालो गएको प्रमाण ल्याउ' भन्ने त कतिपय बिमा कम्पनीहरू थिए। अहिलेको बाढी पहिरोबाट पीडितहरूले बिमा दाबी गर्दा कति दुःख पाउने होला कुन्नी ?



**- राधाकृष्ण कटवाल**

सरकार सहकारी ठगीको पछि लाग्ने होइन बाढी पीडितको उद्धारतर्फ लाग्ने हो। अहिलेको लागि सहकारीभन्दा बाढीपीडितमा ध्यान केन्द्रित हुनुपर्छ सही हो। तर, सहकारी ठगीमा परिन्छ कि भन्ने रास्वपा नेताहरूको त्रासले नै रास्वपाका नेताहरू सहकारी ठगीमा संलग्न छन् भन्ने प्रमाणित भएन र ?



**- ध्रुवहरि अधिकारी**

अविरल वर्षासँगै मुलुकमा आइपरेको विपद्को सामना गर्न निर्णायक भूमिकामा रहनुपर्ने निजामती प्रशासनका प्रमुख मुख्य सचिव। पदीय दायित्व छोडेर निजी रमाइलोमा व्यस्त। पश्चात्ताप क्षमा याचना केही छैन, नैतिक जिम्मेवारी स्वीकार गरी पदत्याग गरेको भए हुने। नगरेको अवस्थामा केही कारबाही नहुने ?

# विपद् र संवेदनहीन नेतृत्व

टिप्पणी



● खगेन्द्र पौडेल

*भनिन्छ, आफन्त दुःखमा चिनिन्छ। हो, सरकारको हैसियत पनि अहिलेको विपद्मा देखियो। यसले सरकार दुई तिहाइ जनमतको बलियो भएर मात्रै होइन, जनताको पक्षमा काम गर्ने संवेदनशील चाहिन्छ भन्ने पनि देखायो।*

दुई दिनको वर्षाले काठमाडौं उपत्यकासहित देशका थुप्रै भागमा ठुलो क्षति बनायो। वर्षापछि आएको बाढी, पहिरो र डुबानले भौतिक क्षति मात्रै बनाएन, मानवीय क्षति पनि बनायो। यति ठुलो क्षति किन र कसरी भयो ? उपत्यकाभित्रै कसरी मान्छे बग्ने, डुब्ने अवस्था बन्यो ? उपत्यकाबाट दुई किमी दुरीमा रहेको झ्याप्लेखोलाको पहिरोलाई ४८ घण्टापछि मात्रै सरकारले कसरी थाहा पाउने अवस्था बन्यो ? यो समग्रमा सरकारको लाचारी थियो। सरकारको कमजोरी थियो। सरकारको गैरजिम्मेवारीपन थियो।

एकातिर पूर्वसूचित गरिँदा गरिँदै सरकार तयारीमा चुक्यो भने अर्कोतिर घटनापश्चात उद्धारमा पनि उसैगरी चुक्यो। यद्यपि, यसमा नेतृत्वकर्ता निकै संवेदनहीन भएर प्रस्तुत भए। प्रधानमन्त्री स्वयम् देशमा ठुलो क्षति भइरहँदा वैदेशिक भ्रमणमा व्यस्त रहे भने कार्यबहाक र गृहको जिम्मेवारीमा रहेकाहरू जिम्मेवार बनेनन्।

विडम्बनाको विषय मान्नुपर्छ, विपतको चरम अवस्थामा पनि प्रधानमन्त्रीको स्वदेश फिर्ती निकै असामान्य रह्यो। खराब मौसम र सडक अवरुद्ध हुँदा विमानस्थलमा बढेको यात्रुहरूको भीडलाई बेवास्ता गर्दै आधा घण्टा बढी विमानस्थल बन्द गरेर उनलाई स्वागत गरियो। उनको आगमनलाई भव्य बनाउन 'नोटाम' नै जारी गराइयो। नोटाम भिभिआइपीहरूको उडान हुँदा विमानस्थलमा अन्य आगमन रोक्न गरिने व्यवस्था हो। सोही परिपाटीअनुसार नै उनको आगमनमा विमानस्थल बन्द गराइएको थियो। जसको प्रभाव कस्तो रह्यो भन्ने कुरा सामाजिक सञ्जालमा हेरे पुग्छ। सँगै उनको स्वागत निकै असामान्य देखियो। देश शोकमय भएको बेला शीर्ष पदाधिकारी फुल गुच्छा लिएर हर्षित मुद्रामा स्वागतमा लामबद्ध भए।

सँगै विमानस्थलको पत्रकार सम्मेलन पनि हाँसी मजाकपूर्ण मात्रै रह्यो। प्रधानमन्त्री स्वयंमा संवेदनशीलता देखिएन। उनले संवेदनहीन प्रश्नको जवाफ मात्रै दिएनन्, आलोचक विरुद्ध आफूलाई दरिलो रूपमा प्रस्तुत गरे। प्रधानमन्त्री ओलीको आगमनपछि बसेको पहिलो मन्त्रिपरिषद् बैठकले राहत तथा उद्धारको काममा सरकारले अपेक्षाकृतरुपमा काम गरेको निष्कर्ष निकाल्दै तीन दिन राष्ट्रिय शोकको घोषणा गर्नेसहित विपद् कोषमा रकम निकासा गर्नेदेखि केही निर्णय गऱ्यो। विपतलाई गम्भीर शैलीमा लिएर, कुनै खास योजना बनाउनतर्फ बैठक केन्द्रित बनेको पाइएन। चौतर्फी आलोचनापछि केही रियलाइजेसन देखिएपनि, त्यो रियलाइजेसन देखावटी मात्र थियो भन्दा फरक पर्दैन। कारण सिंहदरबारको अर्को पत्रकार सम्मेलन हो। जहाँ प्रधानमन्त्रीले बेसरोकारका थुप्रै विषयलाई विरोधी तथा विपक्षीविरुद्ध खनिएका थिए।

भारी वर्षा हुनु पूर्व नै सरकारकै मौसम विभागले अलर्ट जारी गरेको थियो। विभागले केही दिनअघिदेखि नै सावधानी अपनाउन भनेको थियो। यद्यपि, त्यसतर्फ खास कसैको ध्यान गएन। मौसम विभागले अलर्ट जारी गर्दागर्दै उपत्यकाभित्रै सावधानी अपनाउने काम भएन। यद्यपि, आफ्ना कमजोरी लुकाउन र चौतर्फी आलोचनाबाट बच्न प्रमुख जिल्ला अधिकारीहरूको सरुवा र प्रहरी प्रमुखहरूको सरुवा गर्ने काम सरकारबाट भयो। गृह मन्त्रालयले धादिङका प्रमुख जिल्ला अधिकारी (सिडिओ)लाई गृह मन्त्रालयमा सरुवा गरी उनको ठाउँमा अर्को पठाउने निर्णय गरेको थियो भने, जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक (एसपी)लाई पनि जिम्मेवारीबाट हटाएर हेडक्वार्टर तान्दै उनको सट्टा अर्कोलाई जिम्मेवारीमा खटाइएको थियो। यसैगरी काभ्रेका सिडिओलाई पनि फिर्ता गरेर सट्टामा अर्कोलाई पठाइएको थियो। विपदमा सन्तोषजनक काम गर्न नसकेको भन्दै मातहतका अधिकारीलाई कारबाही गरिँदा नेतृत्वको हिसाबले कुनै पछुतो मानेको कत्ति देखिएन।

भनिन्छ, आफन्त दुःखमा चिनिन्छ। हो, सरकारको हैसियत पनि अहिलेको विपद्मा देखियो। यसले सरकार दुई तिहाइ जनमतको बलियो भएर मात्रै होइन, जनताको पक्षमा काम गर्ने संवेदनशील चाहिन्छ भन्ने पनि देखायो। यो समग्रमा सरकारको पूर्ण असफलता हो भन्नेमा दुईमत छैन।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | स्वास्थ्य गडबड हुने योग छ। चिन्तामा वृद्धि हुनेछ। |
| वृष : | पारिवारिक कार्य सफल हुनेछ। प्रसन्नतामा वृद्धि हुने योग छ। |
| मिथुन : | अचल सम्पत्तिमा वृद्धि हुनेछ। नातागोतासित भेट हुनेछ। |
| कर्कट : | शैक्षिक कार्यमा प्रगति हुनेछ। खानपानमा ध्यान दिनुहोला। |
| सिंह : | यात्रा सुखद रहनेछ। भौतिक साधन उपलब्ध भइरहनेछ। |
| कन्या : | नयाँ काम बन्नेछ। सन्तानको कार्यमा प्रगति हुनेछ। |
| तुला : | सामाजिक कार्यहरूमा वृद्धि हुनेछ। खर्च बढ्ने योग छ। |
| वृश्चिक : | धार्मिक कार्यमा खर्च हुनेछ। शैक्षिक कार्यमा प्रगति हुनेछ। |
| धनु : | पारिवारिक सदस्यमा वृद्धि हुनेछ। आवश्यक वस्तु गुम हराउन सक्छ। |
| मकर : | राजनैतिक सहयोग प्राप्त हुनेछ। व्यवसायमा लाभ मिल्नेछ। |
| कुम्भ : | लापरबाहीले गर्दा अशान्ति र रोकावटको योग छ। स्वास्थ्य सामान्य रहनेछ। |
| मीन : | नौलो कार्य प्रारम्भ हुनेछ। पारिवारिक उल्झनले तनावमा वृद्धि गर्नेछ। |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ। – सं.

# बक्स अफिस समाचार

## कृष्ण न्यूरेलाई 'म्यान अफ दि इयर'को उपाधि




**काठमाडौं/मस-** पुरूष सौन्दर्य प्रतियोगिता 'म्यान अफ दि इयर नेपाल २०२४'को पहिलो संस्करणको उपाधि रुपन्देहीका कृष्ण न्यूरेले जितेका छन् । मंगलबार आयोजित ग्राण्ड फिनालेमा जितसँगै न्यूरेले थाइल्याण्डमा आयोजना हुने ग्लोबल प्रतिस्पर्धामा सहभागी हुने मौका प्राप्त गरे ।

पछिल्लो समय अमेरिका बस्दै आएका न्यूरे यो प्रतियोगिताको लागि नेपाल आएर अडिसनमा सहभागी भएका थिए ।

ग्राण्ड फिनालेका लागि अन्तिम प्रतिस्पर्धामा छनोट भएका उत्कृष्ट २० सहभागीबाट विजेता घोषित गर्दा 'टप फाइभ' छानिएको थियो । विजेता बनेका न्यूरेले नगद पुरस्कार ७ लाख रुपैयाँ र विनर ट्रफी हात पारे भने थाइल्याण्डमा हुने 'म्यान अफ दि इयर' ग्लोबलमा नेपालको प्रतिनिधित्व गर्ने अबसर पनि आफ्नो पक्षमा पारेका छन् ।

विजेतालाई कार्यक्रमका ब्राण्ड एम्बास्डर तथा निर्णायक अभिनेता अनुपबिक्रम शाही, कोरियोग्राफर अभिनेता प्रशान्त ताम्राकार, कार्यक्रम निर्देशक संसद शाह र कार्यकारी निर्देशक स्विकृति प्याकुरेल, निर्णायकद्वय राजभाइ सुवाल र करण वैधले पुरस्कारसहित ट्रफी प्रदान गरे ।

अन्तिम स्पर्धामा छनोट भएका पाँच जनामा मस्कुलिन म्यान अफ दि इयरको उपाधि उत्सव श्रेष्ठले पाए भने माइण्डफूल म्यान अफ दि इयरको उपाधि प्रविण आचार्यले पाउँदा मोडर्न म्यान अफ दि इयर अभिमन्यू खड्का, मास्टरली म्यान अफ दि इयर अनमोल भण्डारी र म्यानली म्यान अफ दि इयरको उपाधि विजेता बनेका न्यूरेले नै हात पारे ।

उत्कृष्ट २० मध्येको सव-क्याटेगोरीमा मस्ट ट्यालेन्ट प्रवेश डंगोल, पब्लिक च्वाइस् अनमोल भण्डारी, मस्ट फोटोजेनिक ऋतिक श्रेष्ठ र वेस्ट वाक विधामा इश्वर छत्कुली उत्कृष्ट घोषित भए । देशका विभिन्न प्रमुख शहरहरूमा सम्पन्न अडिसनबाट छनोट भएका सय बढि सहभागीमध्ये अन्तिम स्पर्धामा चुनिएकाहरूबीच मंगलबार आयोजक संस्था यू क्यान फ्लाई फेशन प्रालीले फाइनल राउण्डबाट विजेता टुंगो लगाएको हो ।

कार्यक्रम सम्पन्न पश्चात कार्यकारी निर्देशक प्याकुरेलले नेपालको सर्वाधिक पुरस्कार राशिसहितको यो पहिलो प्रतियोगितालाई हरेक पक्षबाट सफल बनाउन सघाउने सम्पूर्णमा धन्यवाद दिँदै यो प्रकारको सफलताले भोलीको दिनमा थप उत्कृष्ट कार्यक्रम गर्ने उर्जा प्रदान गरेको बताइन् ।

## 'मिघम्ब' सार्वजनिक

**काठमाडौं/मस-** ललितपुर सोभाहिटीस्थित किरात याक्थुङ चुम्लुङको भवनमा आयोजित एक कार्यक्रममा लिम्बू सचेतनामुलक म्युजिक भिडियो 'मिघम्ब' सार्वजनिक भएको छ। मिघम्बलाई कार्यक्रमका प्रमुख अतिथि अ.प्रा. मेजर जनरल तथा पाँचथर समाज काठमाडौंका अध्यक्ष होम कुमार लावती र विशेष अतिथि कलाकार, समाजसेवी पूर्ण सेलिङले संयुक्तरुपमा स्विच दबाएर सार्वजनिक गरेका थिए । मिघम्बलाई आत्मिय जनहरुको घर, घरमा पेन ड्राइभमार्फत समेत पुऱ्याइने कुरा कार्यक्रमका सञ्चालक यासेली योङहाङले जानकारी गराए ।

निर्माता टेक लावतीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा लिम्बू समुदायका लब्ध प्रतिष्ठित व्यक्तिहरुको बाक्लो उपस्थिति थियो । प्रायः उपस्थित सबैले यस्ता भिडियोहरु लगातार बनिरहनुपर्ने र यस्ता भिडियोहरुले हाम्रो समुदायलाई मनोरञ्जनमात्र नभइ उच्च ज्ञान समेत दिने बताए।

प्रेमहाङ्सेम लावतीको शब्द, संगीतमा तानाम तान्छो लावती र दिपा सुहाङको आवाज रहेको 'मिघम्ब'मा संगीत संयोजन टेकेन्द्र याक्सोले गरेका हुन् । तानाम तान्छो लावती, प्रेम हाङ्सेम लावती, निशा निङ्दम आदिको



अभिनय हेर्न सकिने उक्त भिडियो दिनेश माङ्मुले निर्देशन गरेका हुन् भने यसमा पदम लावती र टेक लावती निर्माता रहेका छन् ।

पाँचथर जिल्लाको कुम्मायक, कुस्सायक, माङहिम, सुब्जानि गाउँलगायत अत्यन्तै ऐतिहासिक र रमणीय स्थलहरुमा छायाँकन गरिएको उक्त म्युजिक भिडियो तानाम तान्छो अफिसियल युट्युब च्यानबाट विश्वव्यापीकरण गरिएको हो ।


### चौरजहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/१७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२ (क) र यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौरजहारी नगरपालिकाले तोकिको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | खण्ड | संकलन/उत्खनन गरिने क्षेत्र | वडा नं. | अधिकतम उत्खनन् परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| CJM/RIVERBED/NCB/03/081/082 | क | चौरजहारी नगरपालिका स्थित भेरी नदीको बाँस खोला, रानीसागर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य । | वडा नं. १ र २ | ६,७०,८९०।०० | रु. ३३,५४,४५०।०० | कबोल अङ्कको पाँच प्रतिशत | ३०००.०० |
| CJM/RIVERBED/NCB/03/081/082 | ख | चौरजहारी नगरपालिका स्थित भेरी नदी लामाबगर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | वडा नं. ३ | १३,७७,०९०।०० | रु. ६८,८५,४५०।०० | कबोल अङ्कको पाँच प्रतिशत | ३०००.०० |
| CJM/RIVERBED/NCB/03/081/082 | ग | चौरजहारी नगरपालिका स्थित जहारीखोला, खहरेखोला टोटाखोला, कालीगार बाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्य | वडा नं. ६, ७ | ८,१२,१३०।०० | रु. ४०,६०,६५०।०० | कबोल अङ्कको पाँच प्रतिशत | ३०००.०० |

**नोट** : विस्तृत जानकारीको लागि यस कार्यालयको website www.chaurjaharimun.gov.np र www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ ।



**UAE मा रोजगार |** कम्पनी : SOUNDLINES SKILLED MANPOWER — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/०६ — चलानी नं.: ६०२२३९६४ — LT. No.: 309195

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fitter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Brick Mason | 29 | 0 | | 1000 | ३६,४३० | | | | | | | |
| 3. | Building Insulation Worker | 24 | 0 | | 800 | २९,१४४ | | | | | | | |
| 4. | Cleaner | 5 | 0 | | 800 | २९,१४४ | | | | | | | |
| 5. | Construction Carpenter | 40 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 6. | Electrician. | 32 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 7. | Plumber | 30 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 8. | Skilled Blacksmith | 20 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असोज २९ गते (15 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताखिसेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



**MANJUSHREE FINANCE LIMITED**
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८१/०६/१७**

यस वित्तीय संस्थाको शाखा कार्यालयहरुबाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनै पनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँवानेश्वरमा ०८ औं दिन वा सो दिन विंदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपशिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेहरुको विवरण |
|---|---|
| **कर्जाको प्रकार : व्यवसाय अधिविकर्ष/आवधिक कर्जा**<br>**ऋणीको नाम :** नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा मिती २०७९/११/०३ गते, दर्ता नं. ३०७२५०/०७९/०८० मा दर्ता भएको स्थायी लेखा नं. ६१०४४७८३९ भई रुपन्देही जिल्ला बुटवल उ.म.न.पा वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री पाल्पा रम्भा देवी ज्वेलरी ।**<br>**(अख्तियार प्राप्त संञ्चालक : कालुराम सुनार)** | **संञ्चालक/व्यक्तिगत जमानिकर्ता : कालुराम सुनार**<br>बाबु : खेम बहादुर सुनार<br>बाजे : लालु बहादुर सुनार<br>ना.प्र.नं. : ३९-०१-७३-०३४२७<br>जारी मिति : २०७३/०४/११, जि.प्र.का : पाल्पा<br>ठेगाना : पाल्पा जिल्ला, रम्भा गा.पा वडा नं. ०५<br>हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ । |
| **व्यक्तिगत जमानिकर्ता : खेम बहादुर सुनार**<br>बाबु : लाल बहादुर सुनार<br>बाजे : मुक्त बहादुर सुनार<br>ना.प्र.नं. : २७७७५<br>जारी मिति : २०४५/०७/२१, जि.प्र.का : पाल्पा<br>ठेगाना : पाल्पा जिल्ला, ताँहु नगर/गा.प वडा नं. ०५, को परिवर्तित पाल्पा जिल्ला, रम्भा गा.पा वडा नं. ०५<br>हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ | **व्यक्तिगत जमानिकर्ता : टोप बहादुर बि.क.**<br>बाबु : सुन्दर सिं. विश्वकर्मा<br>बाजे : लाल बहादुर विश्वकर्मा<br>ना.प्र.नं. : ४०४७९<br>जारी मिति : २०६३/०८/२७, जि.प्र.का : रुपन्देही<br>ठेगाना : रुपन्देही जिल्ला, कन्चन गा.पा वडा नं. ०५<br>हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ । |
| **व्यक्तिगत जमानिकर्ता : विस्नु माया सुनारनी**<br>बाबु : याम बहादुर सुनार<br>पति : खेम बहादुर सुनार<br>ना.प्र.नं : ३१५७<br>जारी मिति : २०४४/१२/०९, जि.प्र.का : पाल्पा<br>ठेगाना : पाल्पा जिल्ला, बन्दिपोखरा नगर/गा.प वडा नं. ०९, को परिवर्तित पाल्पा जिल्ला, तानसेन न.पा वडा नं. ११<br>हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**<br>श्री पाल्पा रम्भा देवी ज्वेलरीको नाममा मा.पो.का परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स./न.पा वडा नं. १, नक्सा सिट नं. १ग स्थित कि.नं. १३२९ को क्षेत्रफल ०-४-०-० (१३५४.५६ व.मि) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| **२. ऋणीको विवरण** | **व्यक्तिगत जमानि दिनेहरुको विवरण** |
| **कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**<br>**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजीम नेपाल सरकार वाणिज्य मन्त्रालय वाणिज्य विभाग वाणिज्य, कार्यालय विराटनगर, मोरङ्गमा मिति २०७४/०२/१२ गते, प्रा.फ.र.नं. २९४१४/०७३/७४ मा दर्ता भएको स्थायी लेखा नं.६०६०२२३९४ भई मोरङ जिल्ला रंगेली न.पा वडा नं. ०९, स्थित रजिष्टर्ड कार्यालय रहेको **यादव कृषि तथा पशुपालन व्यवसाय**<br>**(प्रोप्राइटर : भुपेन्द्र प्रसाद यादव)** | **प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : भुपेन्द्र प्रसाद यादव**<br>बाबु : लक्ष्मण यादव<br>बाजे : तेतर यादव<br>ना.प्र.नं. : ४५५४/५९१<br>जारी मिति : २०५४/१०/०६, जि.प्र.का : मोरंग<br>ठेगाना : मोरंग जिल्ला, दर्वेशा गा.वि.स.वडा नं. ०५, को परिवर्तित रंगेली न.पा वडा नं. ०९ । |
| **व्यक्तिगत जमानिकर्ता : गिता देवी यादव**<br>बाबु : गोपी यादव<br>पति : भुपेन्द्र यादव<br>ना.प्र.नं. : ०५२०२४-६<br>जारी मिति : २०६४/०६/०३, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स.वडा नं. ०५, को परिवर्तित रंगेली न.पा वडा नं. ०९ । | **व्यक्तिगत जमानिकर्ता : सागर यादव**<br>बाबु : भुपेन्द्र प्रसाद यादव<br>बाजे : लक्ष्मण यादव<br>ना.प्र.नं. : ०५-०२-७२-०२६१५<br>जारी मिति : २०७२/११/२७, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स.वडा नं. ०५, को परिवर्तित रंगेली न.पा वडा नं. ०९ । |
| **व्यक्तिगत जमानिकर्ता : मुन्ना यादव**<br>बाबु : भुपेन्द्र प्रसाद यादव<br>बाजे : लक्ष्मण यादव<br>ना.प्र.नं. : ०५२०२४/ब ११०<br>जारी मिति : २०६४/०९/१६, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ०५, को परिवर्तित रंगेली न.पा वडा नं. ०९ । | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>श्रीमती गिता देवि यादवको नाममा मा.पो.का रङ्गेली मोरङमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला दर्वेशा गा.वि.स/न.पा. वडा नं. ५, नक्सा सिट नं. ५क स्थित कि.नं. ३६२ र ११२१ को क्षेत्रफल क्रमशः ०-०-१५-० (२५३.९४ ब.मी) र ०-०-६-१ (१०२.६४ ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/०६/२९ ।

# दीपेन्द्र विश्वकै दोस्रो उत्कृष्ट अलराउन्डर



**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले जारी गरेको नयाँ वरीयतामा टी-२० अलराउन्डरतर्फ नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य दीपेन्द्रसिंह ऐरीले दोस्रो स्थान ओगटेका छन् । आईसीसीले बुधबार जारी गरेको नयाँ वरीयताअनुसार ऐरीले उक्त सफलता हासिल गरेका हुन् । यसअघि उनी उक्त विधामा छैटौं स्थानमा थिए ।

नयाँ वरीयतामा अलराउन्डरतर्फ इंग्ल्यान्डका क्रिकेटर लियम लिविगंस्टोन पहिलो स्थानमा रहेका छन् । ऐरीको दुई सय ३० रेटिङ छ भने लिविगंस्टोनको दुई सय ५३ रहेको छ । रेटिङ हरेक खेलको प्रदर्शन अनुसार परिवर्तन हुने गर्दछ ।

टी-२० आई अलराउन्डरको तेस्रो स्थानमा अष्ट्रेलियाका मार्कस स्टोइनिस, चौथो स्थानमा जिम्बावेका सिकन्दर राजा, पाँचौं स्थानमा श्रीलंका वानिन्दु हसरंगा र छैटौं स्थानमा अफगानिस्तानका मोहम्मद नाबी छन् । भारतका हार्दिक पान्ड्या सातौं, पाकिस्तानका इमाद वासिम र दक्षिण अफ्रिकाका एडेन माक्ररम नवौं स्थानमा छन् ।

यसैगरी एकदिवसीय अन्तर्राष्ट्रिय वरीयतामा ब्याटिङतर्फ ऐरी विश्व वरीयतामा ४३औं स्थानमा रहेका छन् । यसअघि उनी ४५औं स्थानमा रहेका थिए । अलराउन्डरतर्फ नेपालका गुलशन झा ५३औं तथा कुशल भुर्तेल ६०औं स्थानमा रहेका छन् । टी-ट्वान्टी टिम वरीयतामा नेपाल १७औं स्थानमा रहेको छ ।

त्यसैगरी एकदिवसीय अन्तर्राष्ट्रिय बरियतामा नेपालका आसिफ शेख ८२ औं र कुशल भुर्तेल ८३औं स्थानमा छन् । नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल भने उक्त वरीयतामा ८७औं स्थानमा छन् ।

## एभरेष्ट महिला भलिबल लिग

# कर्णालीको तेस्रो, काठमाडौंको दोस्रो जित



**काठमाडौं/मस-** नेपालमा पहिलो पटक आयोजना भएको फ्रेन्चाइज एभरेष्ट महिला भलिबल लिगमा कर्णाली एसभिएस विजयी भएको छ । बुधबार भएको खेलमा उसले ललितपुर क्विन्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित निकालेको हो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको उक्त खेलमा कर्णालीले ललितपुर क्विन्सलाई ३-० सोझो सेटमा पराजित गरेको हो । आजको खेलमा कर्णालीले ललितपुरलाई पहिलो सेटमा २५-२२ अङ्कले पराजित गऱ्यो । दोस्रो सेट पनि २५-२२ अंकले नै जित्यो । खेलको अन्तिम निर्णायक सेटमा कर्णालीले ललितपुरलाई २९-२७ अंकले हरायो ।

कर्णालीले यसअघि मधेश युनाइटेडलाई ३-१ र गण्डकी थन्डर्सलाई ३-२ सेटले पराजित गरेको थियो । जितसँगै कर्णालीले आठ अंक जोडेको छ । तीन खेल खेलेको ललितपुरको ६ अंक छ । प्रतियोगितामा ललितपुर पहिलो पटक पराजित भएको हो । ललितपुरले यसअघि काठमाडौं स्पाइकर्स र मधेशलाई समान ३-१ सेटले हराएको थियो ।

काठमाडौं स्पाइकर्सले वात्सल्य एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) मा लगातार दोस्रो जित निकालेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद(राखेप) को कभर्ड हलमा बुधवारको दोस्रो खेलमा काठमाडौंले गण्डकी थन्डर्समाथि ३-१ सेटको जित हासिल गरेको हो ।

काठमाडौंले पहिलो सेट २५-२३ ले जितेकोमा दोस्रो सेट १९-२५ ले गुमाएको थियो । तेस्रो सेट २५-२१ र चौथो सेट २५-१६ ले जित्दै काठमाडौंले ३ अंक जोड्न सफल भयो । ३ खेलमा २ जित हासिल गरेको काठमाडौंको ६ अंक भएको छ ।

इन्फिनिटी ड्रिम्स प्रा.लि.को आयोजनामा नेपाली भलिबल इतिहासमै पहिलो पटक आयोजना भएको उक्त प्रतियोगितामा ६ फ्रेन्चाइज टोली सहभागी छन् ।

# युवाहरूको श्रमदानमा भलिबल खेल मैदान निर्माण



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १६ असोज

जाजरकोटको शिवालय गाउँपालिका-५ का युवाहरूले श्रमदानमार्फत भलिबल खेल मैदान निर्माण गरेका छन् । वडालाई खेल मैदानका लागि बारम्बार आग्रह गर्दा पनि खेल मैदानका लागि कुनै चासो नदिएपछि उनीहरूले आफ्नै पहलमा यो काम गरेका हुन् ।

शिवालय-५ का युवा टोपेन्द्र शाहीले थालारैकर ठाँटी बजारमा युवाहरूको पहलमा खेल मैदान निर्माण गरेको बताए । उनले भने, 'वडाले खेल मैदान बनाउन आश्वासन दिएको थियो, तर लामो समयसम्म कुनै चासो नदेखाएपछि हामी युवाहरू मिलेर श्रमदानमा यो मैदान बनाएका हौं ।'

उनले आगामी दशैं र तिहारको अवसरमा गाउँमा आउने मानिसहरूका लागि रमाइलो गर्ने उद्देश्यले मैदान निर्माण गरिएको बताए । 'मैदान नहुँदा स्थानीय खेलाडीलाई खेल खेल्नमा कठिनाइ थियो,' उनले भने, 'अब यो मैदानले खेल गतिविधिहरूमा सहजता ल्याउनेछ ।' युवाहरूको यो पहलले स्थानीय खेल क्षेत्रको विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ ।

## युएईमा रोजगार

कम्पनी: AL ENWAAN CONCRETE CARPENTER CONT. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०१/१२ चलानी नं.:६०२१८५५४३ LT. No.: 303699 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gypsum Carpenter | 10 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 3. | Mason | 10 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 4. | Shutter Carpenter | 10 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 5. | Steel Fixer | 10 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |
| 6. | Tile Mason | 10 | 0 | | 1200 | ४३,७१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २४ गते (10 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LINK STAR MANPOWER SERVICES PVT. LTD.**
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
पो.ब. नं. ११९७२, गोंगबु-५, काठमाडौं, फोन:०१४९५७०४७ मोबाईल: ९७०५५५१५५१, ९८१६९३५५३२.
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सिलगढी, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### दररेट पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१३**

उपर्युक्त सम्वन्धमा सार्वजनिक खरिद ऐन, तथा तत् सम्वन्धी नियमावली २०६४ वमोजिम यस कार्यालयलाई आ.व. २०८१।०८२ का लागि कार्यालय सामाग्रि (स्टेशनरी) आवश्यक पर्ने भएकोले सो सामान के कति दररेटमा उपलब्ध गराउन सकिन्छ ढुवानी सहित आफुले कवोल गरेको अंक सहित आय कर, मुल्य अभिवृद्धिकरमा दर्ता गरेको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र राखी दरखास्त सहितको शिलबन्दी खाम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र मिति २०८१/०७/१२ गते सम्म) यस कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सो को BOQ यस कार्यालयको वेभसाईट dipayalsilgadhimun.gov.np बाट डाउनलोड गरी शिलबन्दी खाम पेश गर्न हुन समेत सूचित गरिन्छ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बाह्रबिसे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

**सूचना प्रकाशित मिति :- २०८१/०६/१७**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८१/०५/१३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यमद्वारा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | SPRM/UBS/NCB /02/081/082 | Dhupu Khola to Deurali road upgrading works (Ch. 4+180 to 4+535m) | कालाखेती निर्माण सेवा, खाँदवारी-१, संखुवासभा | ७४,२४,२८७७४ (अक्षरुपी चौरहत्तर लाख चौबिस हजार दुई सय सतासी रुपैया चौरहत्तर पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## QATAR र UAE मा रोजगार

कम्पनी: AL EIQAB ALDAHABI TILE TRADING शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८१/०६/१६ चलानी नं.: ६०२२६१३० L.T. No.: 311634

